
# धरान उपमहानगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**धरान, सुनसरी**

# धरान उपमहानगरपालिकाको पाश्र्वचित्र

## २०८१



**परामर्शदाता**

**इकोकोड मुनलाइट क्वेष्ट -जेभि**

| | |
|---|---|
| **नाम:** | **धरान उपमहानगरपालिकाको पार्श्वचित्र २०८१**<br>**Dharan is a sub-metropolitan city profile, 2024** |
| **सर्वाधीकार :** | **धरान उपमहानगरपालिका** |
| **आर्थिक सहयोग :** | **धरान उपमहानगरपालिका** |
| **परामर्शदाता :** | **इकोकोड मुनलाइट क्वेष्ट -जेभि** |
| **समन्वय :** | **धरान उपमहानगरपालिका** |

# विषय सूची:


**परिच्छेद १ : परिचय** ........ 7

**१.१. पृष्ठभूमी:** ........ 7

**१.२ उद्देश्य** ........ 8

**१.३ कानुनी तथा नीतिगत आधारहरु** ........ 8

**१.४.पाश्र्वचित्र ढाँचा, औजार तथा तयारीको कार्यविधि** ........ 10

**१.५ सीमा** ........ 11

**परिच्छेद २ : धरान उपमहा नगरपालिकाको परिचय** ........ 12

**२.१ भौगोलिक अवस्थिति** ........ 12

**२.२ ऐतिहासिक चिनारी तथा नामाकरण** ........ 12

**२.३ प्रशासनिक विभाजन** ........ 12

**२.४ धरातलीय अवस्था र हावापानी** ........ 15

**२.५ प्राकृतिक सम्पदा** ........ 15

**२.६ साँस्कृतिक उत्कृष्टता** ........ 16

**परिच्छेद ३: पारिवारिक विवरण तथा जनसङ्ख्याको अवस्था** ........ 17

**३.१ लिङ्ग र उमेर समूह अनुसार परिवारमुलीको विवरण** ........ 17

**३.२ जनसङ्ख्या वितरणको अवस्था** ........ 18

**३.३ उमेर तथा लिङ्गको आधारमा जनसङ्ख्या विवरण** ........ 19

**३.४ मातृभाषाको आधारमा जनसङ्ख्या विवरण** ........ 20

**३.५ धर्म अनुसार जनसङ्ख्या विवरण** ........ 20

**३.६ जातिगत आधारमा जनसङ्ख्या विवरण** ........ 20

**३.८ पेशाका आधारमा जनसङ्ख्या विवरण** ........ 21

**३.९ आर्थिक रूपले सक्रिय जनसङ्ख्या विवरण** ........ 22

**३.१०अपाङ्गताको आधारमा जनसङ्ख्या विवरण** ........ 23

**३.११ बसाइँसराइ सम्बन्धी विवरण** ........ 23

**३.१२ व्यक्तिगत घटना सम्बन्धी विवरण** ........ 24

**३.१३ सामाजिक सुरक्षा कार्यक्रमबाट लाभान्वित जनसङ्ख्याको विवरण** ........ 24

**परिच्छेद ४: आर्थिक अवस्था** ........ 26

**४.१ प्रमुख आर्थिक विवरण** ........ 26

**४.१.१ प्राविधिक, सीपयुक्त तथा विशेष दक्षता भएका मानव संशाधनको विवरण** ........ 26

४.१.२ मुख्य पेशा सम्बन्धी विवरण ........ 26
४.१.७ आवास संरचना विवरण........ 26
४.१.८ आयात र निर्यातकोअवस्था........ 27
४.१.९ १० वर्ष र सोभन्दा माथिका व्यक्तिले आर्थिक काम गर्दा रोजगारीको संलग्नता अनुसारको जनसंख्या........ 28
४.१.१० वैदेशिक रोजगारीमा गएकाहरूको विवरण ........ 28
४.१.११ सुकुम्बासी सम्बन्धी विवरण........ 28
४.२.१ वर्तमान भू–उपयोग........ 29
४.२.१ महिलाको भू–स्वामित्व अवस्था ........ 30
४.३.२ खाद्यान्न बालीमा लाग्नेरोग तथा कीरा विवरण ........ 30
४.३.२ फलफूल तथा तरकारीमा लाग्नेरोग तथा कीरा........ 31
४.३.४ पशुपन्छीमा लाग्नेरोग तथा कीरा ........ 31
४.३.५ व्यावसायिक कृषि फर्मसम्बन्धी विवरण........ 31
४.३.६ आधुनिक (व्यावसायिक) पशुपालन (फार्म) सम्बन्धी विवरण ........ 34
४.४ पर्यटन विकास........ 34
४.४.१ पर्यटकीय स्थलहरूको विवरण ........ 34
४.४.२ होटल, रिसोर्ट तथा रेष्टुरेन्ट सम्बन्धी विवरण........ 34
४.४.३ धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थल सम्बन्धी विवरण........ 35
४.४.४ होटेल, रिसोर्ट तथा होमस्टेसम्बन्धी विवरण ........ 36
४.५.५ बैङ्क तथा वित्तीय संस्था सम्बन्धी विवरण ........ 36
४.५.६ सहकारी सम्बन्धी विवरण ........ 36
परिच्छेद ५: सामाजिक अवस्था........ 37
५.१.१ शैक्षिक संस्था/विद्यालय (सामुदायिक, संस्थागत, मदरसा, गुम्बा) को विवरण........ 37
५.१.२ प्राविधिक तथा विशेष सीप युक्त मानव संशाधन........ 37
५.२.३ स्वास्थ्य संस्था (अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र आयुर्वेद केन्द्र) सेवाको विवरण........ 37
५.२.४. स्वास्थ्य संस्थामा उपलब्ध तथा कार्यरत चिकित्सक, स्वास्थ्य कर्मी र अन्य जनशक्ति विवरण ........ 39
५.३.४ खानेपानी सुविधाको अवस्था........ 40
५..६ शौचालय प्रयोगको अवस्था........ 41
५.३.७ फोहोरमैला व्यवस्थापन........ 41
५.४.८. लिङ्ग अनुसार बाल बालिकाको (अठार वर्षमुनिका) को बसाईको अवस्था........ 42
५.४.९ अपाङ्गताका आधारमा जनसंख्या ........ 42

५.६.१० धार्मिक स्थलको विवरण ........ 43
५.६.११ स्थानीय चाडपर्व तथा जात्रा र मेलाहरूको विवरण ........ 43
परिच्छेद ६ : वन तथा वातावरणीय स्थिति ........ 44
६.१ वन क्षेत्रको अवस्था ........ 44
६.१.१ वन क्षेत्र, वनको स्थिति र प्रकार सम्बन्धी विवरण ........ 44
६.२ जलस्रोत तथा जलाधर क्षेत्र ........ 44
६.२.२ पानीको मुहान सम्बन्धी विवरण ........ 45
६.२.३ नदी तथा खोला सम्बन्धी विवरण ........ 45
६.३ पार्क तथा उद्यान सम्बन्धी विवरण ........ 46
६.४ विपद्जोखिम न्यूनीकरण तथा व्यवस्थापन ........ 46
६.४.१ जोखिमयुक्त बस्तीको विवरण ........ 46
६.५.२ संवेदनशील स्थानमा बसोबास गरेका घरधुरी र जनसंख्याको विवरण ........ 47
परिच्छेद ७ : भौतिक विकासको अवस्था ........ 48
७.१ यातायात पूर्वाधार ........ 48
७.१.१ सडक सञ्जालको विद्यमान अवस्था ........ 48
७.२ विद्युत्तथा वैकल्पिक ऊर्जा ........ 48
७.२.१ इन्धन उपयोग विवरण (खाना पकाउने इन्धनकोआधारमा घरपरिवार) ........ 48
७.२.२ बत्ति बाल्ने इन्धनको प्रयोगको आधारमा घरपरिवार ........ **Error! Bookmark not defined.**2
७.२.३ विद्युत् उपलब्ध घरपरिवार विवरण ........ 48
७.३ सञ्चार तथा प्रविधि ........ 49
७.३.१ हुलाक तथा पत्रपत्रिका सम्बन्धी विवरण ........ 49
परिच्छेद ८ : संस्थागत तथा सुशासनको स्थिति ........ 50
८.१ सेवा प्रवाहमा प्रयोगमा रहेका सफ्टवयेरहरुको विवरण ........ 50
८.२ गाउँ/नगरपालिकाभित्रका टोल विकास संस्था सम्बन्धी विवरण ........ 51
८.३ स्वीकृत स्थानीय नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्डहरू ........ 52
अनुसुची र स्रोत नक्साहरु ........ 52

## धरान उपमहानगर पालिकाको वस्तुगत विवरण (पार्श्वचित्र) २०८१ को सारांश

| क्र.सं. | विषय | विवरण |
|---|---|---|
| १ | **परिचय** | कोशी प्रदेशको सुनसरी जिल्लामा रहेको धरान उपमाहा नगरपालिका जिल्लाको उतर पुर्वी क्षेत्रमा रहेको छ । २०७१ मंसिर १६ गते नेपाल सरकार मन्त्रीपरिषदको निर्णय अनुसार विष्णुपादुका गा.वि.स.लाईसमेत धरान उपमहा नगरपालिकामा समायोजन गरी २७ वडा कायम गरेर धरान उपमहानगरपालिकालाई उपमहाउपमहानगरपालिका घोषित गरिएको हो । सो पश्चात राज्य पुनर्संरचना आयोगको निर्णयानुसार केही वडाहरुलाई एक अर्कामा समायोजन गरी वर्तमान धरान फेरि २० वटा वडामा पुर्नसंरचित भएको छ। |
| २. | **भौगोलिक अवस्थिति** | |
| | **अक्षांश** | २६ डिग्री ४२ मिनेट ४१ सेकेण्ड अक्षांसदेखि २६ डिग्री ५२ मिनेट ४२ सेकेण्ड उत्तरी अक्षांससम्म |
| | **देशान्तर** | ८७ डिग्री १२ मिनेट ०४ सेकेण्डदेखि ८७ डिग्री २१ मिनेट २३ सेकेण्ड पुर्वी देशान्तरसम्म |
| | **औसत उचाइ** | समुन्द्री सतहबाट ३०५ मिटरदेखि ७०० मिटरसम्म = |
| | **क्षेत्रफल** | १९२वर्गकिलो मिटर ६१. |
| | **सिमाना** | पूर्व: मोरङ जिल्लाको केराबारी नगरपालिका<br>उत्तर : धनकुटा जिल्लाको साँघुरीगढी गाउँपालिका<br>पश्चिम : बराहक्षेत्र नगरपालिका<br>दक्षिण : ईटहरी उपमहानगरपालिका र रामधुनी नगरपालिका |
| ३. | **जलवायु** | समशितोष्ण |
| ४. | **घरपरिवार सङ्ख्या** | ४२,३९६ |
| ५. | **जनसङ्ख्या** | १,६६,५३१ |
| ६. | **साक्षरता प्रतिशत** | ८७.४२% |
| ७. | **मुख्य माध्यम भाषा** | नेपाली |
| ८. | **मुख्य समुदाय** | राई, लिम्वु, तामाङ, नेवार, ब्राम्हण, क्षेत्री, मगर, पहाडे दलित |
| ९. | **मुख्य चाडपर्व** | उधौली उभौली, ल्होछार, दशै, तिहार, गाई जात्रा, फागु पुर्णिमा, क्रिसमस, इद, माघी |
| १०. | **सञ्चार सुविधा** | रेडियो/टिभी/पत्रपत्रिका/मोबाइल/इन्टरनेट |

# परिच्छेद १ : परिचय

## १.१. पृष्ठभूमी:

नेपालको संविधानले संघीय लोकतान्त्रिक शासन व्यवस्था अनुरुप जनताको सबैभन्दा नजिकको सरकारको रुपमा गाउँपालिका अथवा नगरपालिकाको व्यवस्था गरेको छ । जस अनुसार स्वायत्तताको उच्चतम अभ्यास तथा विकेन्द्रीकरणको माध्यमद्वारा स्थानीय शासनमा सहभागिता, जवाफदेहिता, पारदर्शिता र उत्तरदायित्व कायम गरी सेवा प्रवाहमा प्रभावकारीतासँगै विकास प्रक्रियालाई द्रुततर तुल्याई जनअपेक्षाको सम्बोधन गर्ने ऐतिहासिक जिम्मेवारी स्थानीय सरकारको दायित्व भएको छ । सहकारीता, समन्वय र सहअस्थित्वका आधारमा संचालन हुने स्थानीय शासन प्रक्रियामा जनसहभागिता र साझेदारीको मर्मलाई समेत उच्च महत्व दिइएको छ । स्थानीय जनताले प्राप्त गर्ने सेवा सुविधालाई छिटो, छरितो र प्रभावकारी बनाई स्थानीय तहको सुदृढीकरण गर्न नीतिगत तथा व्यवहारिक अभ्यासहरु अगाडी बढि रहेका छन्।

परिवर्तित नविनतम परिवेशमा स्थानीय सरकारले संविधान प्रद्धत अधिकार बमोजिमको अभिभारा पुरा गर्न गतिशिल विकास प्रक्रियालाई अनुशासित गराई सुशासन र संमृद्धिका लागि अर्थपूर्ण पहल हुन जरुरी छ । यस कार्यका लागि नवनिर्वाचित पदाधिकारीको कुशल नेतृत्वमा शासन संचालन र विकास प्रकृयालाई प्रभावकारी रुपले दिशानिर्देश गर्नु आवश्यक छ । स्थानीय सरकारका गतिविधीहरुबाट जनतामा स्वायत्तताको महसुस हुने गरी संघीय समावेशी शासन व्यवस्थाको मर्मलाई जीवन्त तुल्याउने अपेक्षा गरिएको छ । मानव संसाधन तथा आर्थिक स्रोतको सिमिताका वावजुद उर्लदो जनआकांक्षाको व्यवस्थापनमा अपेक्षित नतिजा हासिल गर्न वास्तविक सूचना तथा तथ्यांक बलियो आधारका रुपमा रहन्छ ।

स्थानीय सरकारको सेवा प्रवाहमा चुस्तता र विकास प्रक्रियालाई यथोचित गति प्रदान गर्न खण्डिकृत र क्षेत्रगत सूचना सहितको गाउँ वस्तुगत विवरण तयारी जरुरी हुन्छ । नेपालमा सर्वप्रथम सातौं आवधिक योजनाले हरेक जिल्लाले विकासका संभावना र स्रोतको आवश्यक सूचना हासिल गर्न आर्थिक, सामाजिक र भौगोलिक क्षेत्र समेटिएको वस्तुगत विवरण तयार गर्नुपर्ने निर्देशित गरेको थियो । तत्कालिन गाविस तथा नगरपालिकाको सन्दर्भमा दशौं आवधिक योजनाले वस्तुगत विवरण तयार गर्नुपर्ने कुरालाई उठान गरेको थियो । स्थानीय स्वायत्त शासन ऐन, २०५५ र तत्सम्बन्धी नियमावली लागु भए पछि तत्कालिन स्थानीय निकायमा वस्तुगत विवरण तयारी नियमित रुपमा अगाडी बढेको थियो ।

नेपाल सरकारले गाउँ तथा नगर क्षेत्रको समग्र वस्तुस्थिति झल्किने वस्तुगत विवरणको ढाँचा तयार गरी उपलब्ध गराइ यथासक्य छिटो तयार गर्न पत्राचार समेत गरेको थियो । पालिकाको नेतृत्वमा यसरी तयार हुने वस्तुगत विवरणले स्थानीय तहमा तर्जुमा हुने योजनाका लागि सूचनाको आधार तयार गर्न महत्वपूर्ण हुनेछ । उपलब्ध कानूनी तथा नीतिगत व्यवस्थाका साथसाथै सरोकारवालासँगको परामर्श र विगतका सफल अभ्यासको आधारमा तयार गरिएको वस्तुगत विवरणले उपमहानगर पालिकाको सेवा प्रवाह, आन्तरिक स्रोत परिचालन तथा योजनावद्ध विकासमा टेवा पुर्‍याउने छ ।

## १.२ उद्देश्य

धरान उपमहानगरपालिका क्षेत्रको विकासको विद्यमान अवस्था, संभावना र स्रोतको सम्बन्धमा आवश्यक सूचना व्यवस्थापन गर्न उपमहानगर पालिकाको समग्र स्थिति झल्किने वस्तुगत विवरण तयार गर्नु यस प्रतिवेदनको प्रमुख उद्देश्य हो । यसका विशिष्ट उद्देश्य देहायअनुसार रहेका छन् ।

- पालिकाको जनसांख्यिक, भू-जैविक, भौतिक, मानविय, आर्थिक, सामाजिक, वातावरण र संस्थागत क्षेत्रको विषयगत र वस्तुगत स्थिति चित्रण हुने गरी वस्तुगत विश्लेषण विवरण तयार गर्ने ।
- पालिकाको, विषयगत कार्यालय/शाखा, संघ/संस्थाको विवरण, अध्ययन, सर्वेक्षण तथा प्रगति प्रतिवेदनबाटप्राप्त आधारभूत तथा संस्थागत तथ्याङ्क एकीकृत र विश्लेषण गरी विषयगत रुपमा नगरको एकीकृत वस्तुगत विवरण तयार गर्ने ।
- पालिकाको सेवा प्रवाह, स्थानीय राजस्वको आधार र दर निर्धारण र विकास निर्माण कार्यका लागि आवश्यक वस्तुगत तथा विषयगत सूचना उपलब्ध गराउने ।
- पालिकाको वार्षिक, एकीकृत, आवधिक/रणनीतिक तथा गुरुयोजना र विषयगत योजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कनको लागि विषयगत र खण्डीकृत सूचना विवरण उपलब्ध गराउने ।

## १.३ कानुनी तथा नीतिगत आधारहरु

गाउँ तथा नगरपालिकाको वस्तुगत विवरण तयारी कार्यलाई चरणबद्ध र व्यवस्थित रुपमा सञ्चालन गर्न देहाय अनुसारका कानूनी तथा नीतिगत आधारहरु रहेर यो पाश्र्वचित्र तयारी कार्यविधि बमोजिम चरणबद्ध र व्यवस्थित रूपमा नगरपालिकाको पाश्र्वचित्र तयार गरिएको छ ।

**क. नेपालको संविधान :**

नेपालको संविधानको अनुसूची ५ को क्रमसङ्ख्या १३ मा केन्द्रीय तथ्याङ्क (राष्ट्रिय, अन्तर्राष्ट्रिय मानक र गुणस्तर) लाई सङ्घको अधिकारको सूचीमा राखी नेपाल सरकारले यसको मापदण्ड निर्धारण गर्ने जिम्मेवारी प्रदान गरेको छ भने अनुसूची ६ को क्रमसङ्ख्या ६ मा प्रदेश तथ्याङ्कलाई प्रदेशको अधिकारको सूचीमा सूचीकृत गरिएको छ । संविधानको धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२), धारा २२६ को उपधारा (१) अनुसार स्थानीय तहको अधिकारको सूची अनुसूची ८ बमोजिम हुनेछ । नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकारको सूचीको क्रमसङ्ख्या ६ मा स्थानीय तथ्याङ्क तथा अभिलेख सङ्कलनसम्बन्धी अधिकार तथा क्रमसङ्ख्या १७ मा बेरोजगारको तथ्याङ्क सङ्कलन सम्बन्धी अधिकारलाई सूचीकृत गरिएको छ ।

**ख. नेपाल सरकारबाट स्वीकृत सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारहरूको कार्य विस्तृतीकरण प्रतिवेदन :**

नेपाल सरकारबाट स्वीकृत सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको कार्य विस्तृतीकरणले केन्द्रीय तथ्याङ्क अन्तर्गत तथ्याङ्क सम्बन्धी राष्ट्रिय नीति, कानुन, मापदण्ड, राष्ट्रिय तथ्याङ्क प्रणालीको व्यवस्थापन र गुणस्तर निर्धारण, राष्ट्रियस्तरको गणना र सर्वेक्षण व्यवस्थापन, नेपाल स्ट्यान्डर्ड वर्गीकरण र मापदण्ड विकास र प्रयोग तथा

तथ्याङ्क सम्बन्धी सल्लाहकारी भूमिकाबारे उल्लेख गरेको छ। यसै गरी प्रदेश तथ्याङ्क अन्तर्गत तथ्याङ्क सम्बन्धी प्रदेश नीति, कानुन तथा मापदण्ड, नेपाल स्ट्यान्डर्ड वर्गीकरण र मापदण्ड अनुसार प्रादेशिक तहको तथ्याङ्क व्यवस्थापन, प्रदेश तहको तथ्याङ्कको सूचना प्रणाली व्यवस्थापन तथा प्रादेशिक तथ्याङ्कीय अभिलेख संरक्षण र व्यवस्थापन आदि उल्लेख गरेको छ। संविधानको अनुसूची ८ को स्थानीय तहको एकल अधिकारको विस्तृतीकरणले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा, बेरोजगारको तथ्याङ्क सहित स्थानीय तहका आधारभूत तथ्याङ्क व्यवस्थापन, तथ्याङ्कीय अभिलेख व्यवस्थापन, सूचना तथा प्रविधियुक्त तथ्याङ्क व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारमा रहेको छ।

### ग. तथ्याङ्क ऐन, २०१५ तथा नियमावली, २०४१:

जनतालाई अधिक मात्रामा ठोस हित हुने नीति निर्धारण गर्न, सरकारी निकायहरूको प्रशासकीय निपुणता बढाउन र मुलुकको आर्थिक गतिविधिबारे यथार्थ ज्ञान प्राप्त गर्न नेपाल सरकारलाई निश्चित आधार चाहिने र त्यस्तो आधार जुटाउन तथ्याङ्क सङ्कलन सम्बन्धी सुविधाको व्यवस्था गर्न तथ्याङ्क सङ्कलन, विश्लेषण, अभिलेख र प्रकाशन गर्ने कामका निमित्त एक केन्द्रीय विभाग स्थापना गरी शान्ति, सुव्यवस्था, जनताको सुविधा र आर्थिक हित कायम राख्न तथ्याङ्क ऐन, २०१५ जारी गरिएको छ। तथ्याङ्क ऐन २०१५ को दफा ७ (क) उपदफा १ अनुसार सरकारी कार्यालय, सरकारी स्वामित्व भएको वा यस उद्देश्यका लागि सरकारी सहायता प्राप्त संस्था वा विदेशी व्यक्ति वा संस्थाले व्यावसायिक उद्देश्यले कुनै आर्थिक कुराको लगत, खबर वा तथ्याङ्क सङ्कलन गर्न चाहेमा केन्द्रीय तथ्याङ्क विभागबाट स्वीकृति प्राप्त गर्नुपर्ने व्यवस्था रहेको छ। यस अनुसार तथ्याङ्क सङ्कलन गर्न मनासिब देखिएमा केन्द्रीय तथ्याङ्क विभागले स्वीकृति दिनेछ र त्यसरी स्वीकृति दिंदा विभागले तथ्याङ्क सङ्कलन गर्दा अपनाउनु पर्ने प्रणाली र आवश्यक देखिएका अन्य सर्त समेत तोकिदिन सक्नेछ। तथ्याङ्क नियम, २०४१ अनुसार केन्द्रीय तथ्याङ्क विभागको प्रमुख जिम्मेवारी देहाय अनुसार हुनेछ:

(क) नेपाल सरकारबाट स्वीकृत भएका कुराहरूको तथ्याङ्क सङ्कलन, प्रशोधन, सङ्ग्रह एवं साङ्ख्यिकीय सुधार, विश्लेषण र प्रकाशन गर्ने गराउने,

(ख) नेपाल भरि तथा कुनै भागमा आर्थिक, सामाजिक, जनसङ्ख्या इत्यादि जुनसुकै कुराको तथ्याङ्क सर्वेक्षण गर्ने र सोसम्बन्धी विवरण सङ्कलन गर्ने गराउने,

(ग) तथ्याङ्कसम्बन्धी प्रतिवेदन तयार गर्ने

(घ) राष्ट्रिय गणना (जनसङ्ख्या, कृषि, उद्योग व्यापार, यातायात र अन्य आवश्यक सबै किसिमका गणना) लिने प्रबन्ध मिलाउने र तिनको सञ्चालन गर्ने भनी उल्लेख गरिएको छ।

### घ. स्थानीय सरकार सञ्चालन ऐन, २०७४:

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा २ को च (२) र (३) ड को (२), (४), (५) र (६) मा स्थानीय अभिलेख व्यवस्थापन, दफा ११ को उपदफा २ थ (१), (२) (३), (४) र (५) मा बेरोजगारको तथ्याङ्क सङ्कलन तथा दफा १२ को वडा समितिको काम, कर्तव्य, अधिकार अन्तर्गत उपदफा २ को ख मा

तथ्याङ्क अद्यावधिक तथा संरक्षण अन्तर्गत खण्डीकृत तथ्याङ्क र सूचना सहितको वडाको पाश्र्वचित्र तयार तथा अद्यावधिक गर्नुपर्ने व्यवस्था रहेको छ ।

**ङ. स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ :**

दिग्दर्शनको दफा ८.२ मा नगरपालिका वा गाँउपालिकाले वार्षिक योजना तथा बजेट तर्जुमा गर्नु पूर्व स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक तथा पूर्वाधार लगायतका क्षेत्रको यथार्थ स्थिति देखिने गरी पाश्र्वचित्र (Profile) तयार वा अद्यावधिक गर्नुपर्नेछ । अद्यावधिक पाश्र्वचित्र आफ्नो ध्भदकष्तभमार्फत सार्वजनिक गर्नुपर्ने व्यवस्था गरेको छ ।

## १.४.पाश्र्वचित्र ढाँचा, औजार तथा तयारीको कार्यविधि

यस उपमहानगरपालिकाको पाश्र्वचित्र तयारी गर्न गाउँ/नगर पाश्र्वचित्र तयारी कार्यविधि, २०७८ अनुरूप तयार गरिएको छ । स्थानीय वस्तुगत विवरण किन, कसरी, कहिले र कसले गर्ने भनी सबै तहगत प्रक्रिया निर्धारण गर्न सुरुआती चरणमा पाश्र्वचित्र (वस्तुगत विवरण) को सूचकगत स्तरीय ढाँचा, तथ्याङ्क सङ्कलन/सर्वेक्षण औजार र कार्यविधि तयारी गरिएको छ । यस अन्तर्गतका कार्यहरू देहाय बमोजिम गरिएको छः-

### १.४.१ वस्तुगत विवरण तयारीको ढाँचा, सर्वेक्षण औजार र प्रक्रिया निर्धारण

नेपाल सरकारबाट उपलब्ध स्थानीय तहको वस्तुगत विवरण तयारी स्तरीय ढाँचा, सर्वेक्षण औजार र कार्यविधि बमोजिम नगर वस्तुगत विवरण तयार गर्ने निर्णय भई उपलब्ध गाउँ/नगरपालिका वस्तुगत विवरणको ढाँचा, सर्वेक्षण औजार तथा कार्यविधिका अतिरिक्त उपमहानगर पालिकाको स्थानीय परिवेश, विशिष्टता अनुसार नगर वस्तुगत विवरण तयार गरिएको छ । www. mofaga.gov.np वा अनुसूची १ र २ मा हेर्नु होला) ।

### १.४.२ अभिमुखिकरण तथा सहमति निर्माण

उपमहानगरपालिकाको वस्तुगत विवरण तयारीका लागि उपमहानगर पालिकाको हलमा कार्यपालिकास सदस्य, प्रमुख प्रशासकीय अधिकृत, शाखा महाशाखाका प्रमूख लगायतको उपस्थितीमा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको थियो । उक्त कार्यक्रम अन्तर्गत गाउँ वस्तुगत विवरणको आवश्यकता, महत्व र उपयोगको विषयमा अभिमुखीकरण भई यो नगर वस्तुगत विवरण तयार गरिएको छ ।

### १.४.३ तथ्यांक संकलन

वस्तुगत विवरण तयारीका लागि मुख्य गरेर द्वितीय श्रोतबाट तथ्यांक संकलन गरिएको छ । पारिवारिक विवरण राष्ट्रिय जनगणना २०७८को अन्तिम नतिजालाई आधार मानिएको छ । द्वितीय श्रोतबाट तथ्यांक संकलनका लागि संस्थागत सर्वेक्षण फारम (संस्थागत विवरण अनुसूची २) उपयोग गरियो । संस्थागत तथ्याङ्कको प्रमुख श्रोतहरुमा उपमहानगर कार्यपालिका कार्यालय, नगरस्थित विषयगत तथा डिभिजन कार्यालय, केन्द्रीय तथ्यांक विभाग अन्तर्गतका कार्यालयहरु, शैक्षिक संस्था, स्वास्थ्य संस्था, गैसस र समुदायमा आधारित संस्था, वैंक तथा वित्तिय संस्था र उक्त कार्यालय, निकाय र संस्थाको अभिलेख तथा प्रतिवेदन र अनुसन्धानमूलक दस्तावेजहरु प्रमुख रुपमा रहेका छन् । निर्वाचित जनप्रतिनिधि, कर्मचारी, स्थानीय सहजकर्ता तथा गणकहरु परिचालन गरी उपलब्ध सर्वेक्षण विधि तथा तत्सम्बन्धी औजार बमोजिम तथ्याङ्क संकलन गरिएको थियो ।

त्यसरी नै श्रोत नक्शा तयारीको लागि  छनौट गरिएका सहजकर्ताहरुलाई तालिम दिई वडा समितिका पदाधिकारीहरु र अन्य वुद्धिजिविहरुको सहभागितामा SW Map बाट बाटो, सेवा केन्द्रहरु, पोखरी, ताल र बाढी कटान क्षेत्र जस्ता श्रोतहरुको नक्शांकन तथा आवश्यक तथ्यांक संकलन गरिएको थियो।

### १.४.४ तथ्याङ्क प्रशोधन तथा विश्लेषण र श्रोत नक्शा तयारी

प्राप्त तथ्याङ्कलाई सूचनाको आवश्यकता अनुसार तथ्याङ्कशास्त्रीय विधि अनुसार विश्लेषण गरियो। यसमा विषय क्षेत्रगत, वडागत र सामाजिक संरचनागत (लैंगिक र जातीगत) अनुसार विश्लेषण गरिएको छ। यसैगरी प्रतिवेदन वा अभिलेखबाट प्राप्त तथ्यांकलाई उपमहा नगर पालिकाको प्रतिनिधित्व हुने वा सामान्यिकरण गर्न मिल्ने हदसम्म सोही अनुसार हुने गरी उल्लेख गरिएको छ। विश्लेषणबाट प्राप्त सूचनाहरु मध्ये भौगोलिक, भौतिक, प्राकृतिक तथा साँस्कृतिक विवरणलाई भौगोलिक सूचना प्रणालीमा आधारित स्रोत नक्शा तयार गरिएको छ।

### १.४.५ वस्तुगत विवरणको मस्यौदा तयारी

नेपाल सरकारबाट उपलब्ध गाउ वस्तुगत विवरणको ढाँचा, गाउँ कार्यपालिका र सरोकारसँगको छलफल र निस्कर्ष बमोजिम गाउँ वस्तुगत विवरणको मस्यौदा तयार गरिको छ। मस्यौदा तयार गर्दा उपलब्ध ढाँचामा स्थानीय परिवेश र विशिष्टता, विषय तथा सूचना र विवरणलाई समावेश गर्ने प्रयास गरिएको छ। मस्यौदामा संभव भएसम्मका सूचनालाई स्रोत नक्शाको रुपमा जिआईइस नक्शामा प्रस्तुत गरिएको छ।

### १.४.६ वस्तुगत विवरण सुझाव संकलन

स्थानीय तहको वस्तुगत विवरण कार्यविधिमा उल्लेखित स्तरीय ढाँचा बमोजिम तयार नगर वस्तुगत विवरणको मस्यौदा प्रस्तुत तथा छलफल गरी सुझाव प्राप्त गर्न उपमहानगरपालिकामा बुझाई त्यसको स्तरीय प्रमाणीकरण गरिनेछ। वस्तुगत विवरणको सूचना तथा विवरणमाथि विषयगत समूह तथा वृहत समूह छलफलमा सुझाव संकलन गरिएको छ। साथै वस्तुगत विवरणलाई औपचारिक रुपमा अनुमोदन गरी प्रस्तुत सूचना तथा विवरणलाई नगरपालिकाको आधाररेखा सूचनाको रुपमा लिई योजना तर्जुमा, नतिजा अनुगमन तथा विकासका उपलब्धीको लेखाजोखाको लागि प्रयोग  गरिनेछ।

### १.४.७ गाउँ वस्तुगत विवरण अन्तिम प्रतिवेदन तयारी

गाउँ वस्तुगत विवरण प्रमाणीकरण कार्यशालाबाट प्राप्त राय तथा सुझाव, जिसस, विषयगत शाखा, वडा समिति र सहयोगी निकायबाट समेत प्राप्त सुझावलाई समावेश गरी नगर वस्तुगत विवरणको अन्तिम प्रतिवेदन तयार गरिएको छ।

## १.५ सीमा

नगर वस्तुगत विवरणलाई नेपाल सरकारद्धारा जारी ढाँचा तथा विगतमा सफल अनुभव बमोजिम तयार गरिएको छ। विवरणमा यथासक्य बढी सूचना समाविष्ट हुने गरी तयारी गर्ने अभ्यास भएता पनि स्थानीय शासन संचालनको शुरुवाती अवस्था भएको हुँदा कानूनी, नीतिगत तथा तथ्याङ्क व्यवस्थापन सम्बन्धी व्यवहारिक कठिनाईहरु आइपर्‍यो। सोको बाबजुद सम्बन्धि सबैको प्रयासबाट नगर वस्तुगत विवरण तयारी कार्य पुरा गरिएको छ। प्रस्तुत तथ्यांकलाई संभव भएसम्म वडागत र सामाजिक रुपमा खण्डीकृत र विषयगत रुपमा एकीकृत गर्ने प्रयास गरिएको छ। यस वस्तुगत विवरणलाई आगामी दिनमा आवश्यकता अनुसार परिमार्जन तथा अद्यावधिक गरिने छ।

## परिच्छेद २ : धरान उपमहा नगरपालिकाको परिचय

### २.१ भौगोलिक अवस्थिति

कोशी प्रदेशको सुनसरी जिल्लमा अवस्थित धरान उपमहानगरपालिका भौगोलिक अवस्थितीको हिसावले २६ डिग्री ४२ मिनेट ४१ सेकेण्ड अक्षांसदेखि २६ डिग्री ५२ मिनेट ४२ सेकेण्ड उत्तरी अक्षांससम्म र ८७ डिग्री १२ मिनेट ०४ सेकेण्डदेखि ८७ डिग्री २१ मिनेट २३ सेकेण्ड पुर्वी देशान्तरमा रहेको यस उपमहानगर पालिकाको क्षेत्रफल १९२.६१ वर्गकिलोमिटर कुल क्षेत्रफलको ६० प्रतिशत भुभाग पहाडी क्षेत्रमा फैलिएको यस पालिकामा पूर्वमा केराबारी नगरपालिकादेखि पश्चिममा पटनाली खोलासम्म फैलिएकोछ। यस पालिकाको पुर्वमा मोरङ जिल्लाको केराबारी नगरपालिका, दक्षिणमा ईटहरी उपमहानगरपालिका र रामधुनी नगरपालिका, पश्चिममा बराहक्षेत्र नगरपालिका र उत्तरमा धनकुटा जिल्लाको साँघुरी गढी नगरपालिका रहेको छ।

### २.२ ऐतिहासिक चिनारी तथा नामाकरण

धरान नेपालकै एक सुन्दर तथा विविध सांस्कृतिक विविधता भएको सहर हो। महाभारतकालीन ईतिहास बोकेको र पछिल्लो समयमा किरात राजधानीको रुपमा रहेको विजयपुर धरान बजारको शिरको रुपमा रहेको छ। । विजयपुरको ईतिहास खोतल्दा सतिदेविको दन्त पतन भएको किंवदन्ती र दन्तकाली मन्दिरको अवस्थिति एवं ५०० वर्ष पहिले बंगालका राजाले जिर्णोद्धार गरेको पिण्डेश्वर मन्दिरको अभिलेखहरुबाट यो स्थान पुरातात्विक, पौराणिक एवं ऐतिहासिक तथा पर्यटकीय महत्व बोकेको छ। हालको आधुनिक धरान सहर रहेको स्थानमा सुरुमा घना जङ्गल रहेको र सो जङ्गल फँडानीका क्रममा काठ चिर्ने आरावालाहरुले तयार गर्ने गरेको धरानबाट नै आजको धरान सहरको नामकरण भएको भन्ने भनाई पाइन्छ।

विजयपुरमा धैरै अघि देखि बसोबास भएको भएता पनि वि.स. १९५० तिर घना जङ्गल फँडानी गरेर समतल क्षेत्रमा सानो बस्तीबाट सुरुवात भएको यसक्षेत्रलाई वि.स. १९५९ मा तत्कालीन राणा प्रधानमन्त्री श्री ३ चन्द्र शमशेरले चन्द्रनगर )हाल पुरानो बजार( र वि.स.१९९० तिर श्री ३ जुद्ध शमशेरले जुद्ध नगर )हालको नयाँबजार( बसालेको इतिहासमा पाइन्छ। वि.स. २०१० सालमा पूर्वाञ्चलको लागि ब्रिटिस गोर्खा भर्ती केन्द्र धरानमा स्थापना भए पछि मुख्य रुपमा धरानमा बसोबास तथा चहलपहल बढेको पाइन्छ।

### २.३ प्रशासनिक विभाजन

वि.स. २०१७ सालमा धरान उपमहानगरपालिका घोषित भएको धरान, वि.स. २०१८ सालमा नेपाललाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गर्दा कोशी अञ्चलको सदरमुकाम समेत घोषित भएको थियो। सुरुमा ११ वडाहरू मात्र रहेको धरानलाई वि.स. २०३५ सालमा पूर्वतर्फ रहेको बाँझगरा गाउँ पञ्चायतको सेउती खोलाभन्दा पश्चिम तर्फको भाग र पश्चिमतर्फ रहेको घोपा गाउँ पञ्चायतको सर्दु खोलाभन्दा पूर्वको भाग गाभेर क्षेत्र विस्तार गरी १९ वडामा विभाजन गरिएकोमा २०७१ वैशाख २५ गतेको मन्त्रिपरिषद्को निर्णय अनुसार पाँचकन्या गा.वि.स.लाई पनि धरान उपमहा नगरपालिकामा गाभी २३ वडा कायम गरियो। २०७१ मंसिर १६ गते नेपाल सरकार मन्त्रीपरिषदको को निर्णय अनुसार विष्णुपादुका गा.वि.स.लाईसमेत धरान उपमहा नगरपालिकामा समायोजन गरी

२७ वडा कायम गरेर धरान नगरपालिकालाई उपमहानगरपालिका घोषित गरिएको हो । सो पश्चात राज्य पुनर्संरचना आयोगको निर्णयानुसार केही वडाहरुलाई एक अर्कामा समायोजन गरी वर्तमान धरान फेरि २० वटा वडामा पुर्नसंरचित भएको छ।

तालिका १: नगरपालिकाको प्रशासनिक विभाजन

| वडा नम्वर | समावेश गाविस / नगरपालिका | वडाको क्षेत्रफल | वडाको केन्द्र | मुख्य वस्तीहरु |
|---|---|---|---|---|
| १ | धरान(१,४) | ०.४९वर्ग कि.मी. | पृथ्वी लाइन | पुरानो बजार, नयाँ बजार, शिखर टोल, छाता चोक, शिव मन्दिर टोल, भुपी मार्ग, सिंहदेवी टोल, लक्ष्मी मार्ग , शिखर टोल, |
| २ | धरान(२,६) | ०.१७ वर्ग कि.मी. | देशी लाइन | महेन्द्र पथ, नगेन्द्र पथ, लोकतान्त्रिक चौतारा, सिंहदेवी त्रिभुवन पथ, रत्न रोड, निकेतन मार्ग, देशि लाईन/दोभान लाइन |
| ३ | धरान(३) | ०.१३ वर्ग कि.मी. | चिनिया चोक | जाल्पा चन्द्रपुर बजार, संखधर मार्ग, भानु स्मृति पथ, मित्र पथ, तुर्के पथ, भृकुटी पाखा, गिद्धेडाँडा टोल, सदन रोड, बाबाधाम मार्ग, कैलास पथ, श्री पथ, कृष्णा शान्ति पथ, महेन्द्र पथ, नगेन्द्र पथ, लोकतान्त्रिक चौतारा |
| ४ | धरान (२०,२१) | २३.०५वर्ग कि.मी. | खैरेनीटार | रोम्भे, हर्दिया, बसन्तटार, भेडेटार, खैरेनीटार, गैरीगाँउ पत्रङबारी, कालिमाटी टोल, कोपिला टोल, गैरी गाँउ, तेलनपूर, भर्लेनी, मनवाटार, सारङ्गा, शिखरबास, श्रीगाँउ, सुमनटार |
| ५ | धरान(२२) | १०.६४ वर्ग कि.मी. | ठिङ्गावारी। | सिर्जना टोल, झोडापाटा टोल, लालिगराँस टोल, गोदावरी टोल, जनजागृति टोल, त्रिवेणी टोल, आँपटार चौतारी, याक्थुङ टोल, पञ्चमुखि टोल, विसान डाँडा, सामुदायिक टोल, साउने टोल, सगरमाथा टोल, खैरेनी टोल, नमुना टोल, फोक्ल्याण्ड टोल, चेतना टोल, समानता टोल, ठिङ्गावारी। |
| ६ | धरान(२३) | ५.६ वर्ग कि.मी. | लक्ष्मी मार्ग, पानबारी | उखुबारी, रायोचौडी, लिम्बु चौडी वस्ती, छोटी लाईन, शिंहदेवी मार्ग, पानबारी देवीयाथान, घोपाली टोल, विशाल चोक, प्रणामी टोल, सुन्दर समाज टोल |
| ७ | धरान(७) | ०.१९ वर्ग कि.मी. | पानबारी बस स्टेसन | शान्ति पथ, बुध्द मार्ग, सिर्जना लाइन, शुक्रपथ, दोभान लाईन, दोभान, लिला मार्ग , गोबिन्द रोड, कोशी पथ |

| | | | | |
|---|---|---|---|---|
| ८ | धरान(८) | १९.६२ वर्ग कि.मी. | कविर टोल | सिदार्थ मार्ग, गंगालाल मार्ग, दुर्गा पथ, देउबहादुर मार्ग, सभागृह मार्ग, बरगाछि, गुराँस मार्ग, शहिद रत्न मार्ग |
| ९ | धरान(९) | ०.२१ वर्ग कि.मी. | देवकोटा पथ | गौतम पथ, कलेज रोड, पूर्ण पथ, पूतली लाईन, सिध्दि विनायक पथ, आचार्य लाईन, बगैचा लाइन, देवकोटा पथ, रोहिणी मार्ग, दिप पथ, विनायक पथ, चर्च लाइन |
| १० | धरान(१०) | ०.२२ वर्ग कि.मी. | एलम्वर मार्ग | शनि भवन लाईन, देउराली वेलगाछि, देवी स्थान, बलभद्र पथ, विशाल पथ, धर्मपथ टोल, नारायण पुनाल पथ, कलेज रोड, पुतली लाईन, |
| ११ | धरान(११) | १.३५ वर्ग कि.मी. | मंगलबार चोक | परिवर्तन टोल, मकालु टोल, सगरमाथा टोल, संघर्ष टोल, सृजना मार्ग, किसान पथ, भवानी मार्ग, कोसान चोक, सुनौलो मार्ग, विष्णु चोक, सिसै पथ |
| १२ | धरान (५,१२) | ०.२८ वर्ग कि.मी. | चतरा लाईन | चतरा लाईन, महेन्द्र पथ, मुयर पथ, छिमेकी लाईन, चन्द्रमा लाइन, पार्वती मार्ग, अभिवादन मार्ग, |
| १३ | धरान(१३) | ३.४ वर्ग कि.मी. | अमरहाट | गौरा मार्ग, स्वस्तिका मार्ग, शुभस्वागत मार्ग, |
| १४ | धरान(१४) | २.४७ वर्ग कि.मी. | बुढासुब्बा पथ | नारायणपुर, हात्तिसार, विजयपुर बजार, यायोख्या मार्ग, नयाँ सडक,मिलिजुली, गणेश चोक, पिण्डेश्वर, डाँडा गाँउ, दन्तकाली, चुम्लुङ डाँडा, |
| १५ | धरान (१५) | २५.५४ वर्ग कि.मी. | पाथिभरा लाइन | खोरीया बस्ती, मिलन पथ, महादेव चोक, विशाद चोक, दिपेन्द्र वस्ती, नौलो पथ, ज्ञान चक्षु मार्ग, फुलबारी मार्ग, गर्मलाल मार्ग, गणतन्त्र चोक |
| १६ | धरान (१६) | १.४३ वर्ग कि.मी. | कार्की पथ | भूमीपथ, सुम्निमा टोल, नौलो बस्ति, लोकतान्त्रिक टोल, सिमाना टोल प्रतिक्षा मार्ग, रत्न रोड, |
| १७ | धरान (१७,२७) | १४.५९ वर्ग कि.मी. | रेल्वे चोक | तल्लो हुलाकी मार्ग, उदय मार्ग, सुनौलो मार्ग, नमुना सुन्दर, एन्फा नमुना टोल, सुनभाभा टोल, रेल वे, चतरा मार्ग, खोरिया , दियालो टोल, बान्तवा टोल, रत्न रोड, डाँडा घोपा, |
| १८ | धरान (१८) | ७.२१ वर्ग कि.मी. | देविथान मार्ग | देविथान, वुध्द चोक, घोपा क्याम्प, न्यु रोड, |
| १९ | धरान (१९) | २८.३ वर्ग कि.मी. | दिपेन्द्र चोक | दिपेन्द्र मार्ग, बालक मार्ग, धनकुटे रोड, जीमी मार्ग, किराँत मार्ग, भिक्टोरीया मार्ग, सगरमाथा पथ, मुनामदन मार्ग, आनन्द मार्ग, मुना सुन्दर पथ, सिर्जना मार्ग, सयपत्री मार्ग, |

| | | | | |
|---|---|---|---|---|
| २० | धरान (२४-२६) | ४८.७२ वर्ग कि.मी. | माछामारा | केउरिनी, माछामारा, देवीगाँउ, भालढुङ्गा, स्वाँरा, दराकट्टे, हाडे, सानो खैरे, ठूलो खैरे, सिर्से, कटहरे, मन्सिला, धार्ने, सुलिकोट, तामाखाम, चिन्ने डाँडा, आँपटार, कार्की छाप, बाघ खोप, बन्दुके, सालबोटे, |

स्रोत: धरान नगरपालिका २०८१

## २.४ धरातलीय अवस्था र हावापानी

सुनसरी जिल्लाको उत्तर पूर्वी भागमा अवस्थित धरान उपमहानगरपालिका समुन्द्री सतहवाट ३०५मीटरदेखि ७०० मिटरको उचाईमा अवस्थिता छ । पहाड र तराईको संगम स्थल अर्थात् भाबर प्रदेश रहेको यस उप–महानगरपालिकाको जमिन भिरालो प्रकारको छ । उप–महानगरपालिकाको उत्तरी क्षेत्रमा चुरे पर्वत श्रृङखला र त्यसअन्तर्गतको भावर प्रदेश रहेको छ भने त्यसभन्दा दक्षिणी भागमा समथर तराइ क्षेत्र रहेको छ । भूआकृतिमा भएको यस फरकअनुसार यस तीन क्षेत्रमा पाइने माटोको बनोटमा पनि फरक पाइन्छ, जुन देहायअनुसार रहेको छ :

(क) उत्तरी चुरे क्षेत्र:

भौगर्भिक इतिहासको पछिल्लो चरणमा निर्मित भूभाग भएको हुँदा यो क्षेत्र कमजोर र भूस्खलनशील रहेको छ । यस क्षेत्रमा पाइने चट्टानहरूमा ढुङ्गा, बलौटे चट्टान, बालुवा, खस्रो बालुवा, सिल्ट र सेल लगायत Sand Stone र Conglomerates को बाहुल्यता रहेको छ ।

(ख) मध्य भावर क्षेत्र:

चुरे पर्वत श्रृङखलाको दक्षिणी फेदमा यो क्षेत्र रहेको छ । यस क्षेत्रमा ग्राभेल, वालुवा, फुस्रो, रातो हल्का दोमट तथा अलि चिम्टाइलो किसिमको माटो पाईन्छ । यस क्षेत्रको माटो Sandy Loam, Cobbles र Pebbles को आधिक्यता रहेको छ ।

(ग) दक्षिणी तराइ क्षेत्र:

उपमहानगरपालिकाको दक्षिणी भूभागमा अवस्थित यस क्षेत्रमा चिम्टाइलो, बलौटे र दोमट माटो पाइन्छ।

जलवायुको हिसाबले यस उपमहानगरपालिका उष्ण तथा समशीतोष्ण प्रकारको हावापानी रहेको छ । चैत्र महिनादेखि आश्विनको सुरुसम्म गर्मी हुन्छ । आश्विन, कार्तिक र फागुनमा यहाँको हावापानी समशितोष्ण हुन्छ भने मंसिर, पौष र माघमा निकै जाडो हुन्छ । जेष्ठको अन्त्य देखि आश्विनको सुरुसम्म मनसुनी वायुका कारण प्रशस्त वर्षा हुने गर्छ । गर्मीयाममा यहाँको ताफक्रम अधिकतम ३५ देखि ३६ डिग्री सेल्सियससम्म पुग्छ भने हिउँदमा न्यूनतम ९ देखि ११ डिग्री सेल्सियससम्म पुग्न जान्छ ।

## २.५ प्राकृतिक सम्पदा

धरान प्राकृतिक सम्पदाले पनि पूर्ण रहेको छ । धजे डाँडा, सुलीकोट डाँडा, विजयपुर, लेमलेमा गुफा, साँघुरी गढी, सर्दु जलाधार क्षेत्र, भेडेटार र चारकोसेझाडी धरानका उत्कृष्ट प्राकृतिक एवम्  सम्पदा हुन । धरान उपमहानगरपालिका र धनकुटा जिल्लाको संगम स्थल भेडेटार बाट ४ कि. मी पूर्वमा अवस्थित धजेडाँडा समुन्द्रसतहदेखि २०४७ मिटर उचाईमा अवस्थित छ । यसको चुचुरोलाई भौगोलिक अनुकुलताका कारण नेपालको नक्शा निर्माणमा अक्षांश ,

देशान्तरको टुंगो लगाउन विशेषज्ञहरुले विगतमा प्रयोग गरेका थिए भने वर्तमानमा पनि नेपालको दक्षिणी सीमाना निक्यौ गर्न प्रयोग गरिन्छ। यस पालिकामा साना र ठूला गरी आधदर्जन बढी खोला र खहरे रहेका छन। सामुदायिक वन र जलाधर क्षेत्रले यसको मनोरमतामा थप उचाई थपेको छ।

## २.६ साँस्कृतिक उत्कृष्टता

धरान उपमहानगरपालिका जातिय विविधताको शहर हो। यस पालिकामा करिव १ दर्जन बढी जात जातिहरुको बसोवास रहेको छ। यस पालिकामा मुख्य गरी राई, लिम्बु, नेवार, तामाङ्ग, गुरुङ, मगर, ब्रामहण, क्षेत्री, पहाडे दलित, मुस्लिम जातिको बसोवास पाईन्छ। नेवार जातिले आफ्नै भाषा नेवारी बोल्छन्। उनिहरु प्राय गरी वडा नं. १, ९, १२ र १४ मा बसोवास गरेको पाईन्छ। यसै गरी ४,७, १८ १९ मा राई जाती बाहुल्यता रहेको छ। राईहरु पनि आफ्नै भाषा बोल्छन। वडा नं. १२ र १९ लिम्वु बाहुल्य क्षेत्र हुन। अरु वडाहरु ३, ४, ५, ६, ७, ८, ९, मा छरिएर रहेको पाईन्छ। धरानको वडा नं. १ र ९ आसपासमा मारवाडी बस्ती छ जुन वडाहरु पहिलेको बजार र हाल पुरानो बजारकोरुपमा चिनिन्छ। वडा नं. ९ देवकोटा पथमा मुस्लिम समुदायको वसोवास रहेको छ। यहाँ बसोवास गर्ने आदिवासीहरुको रहन सहन मिल्दोजुल्दो भएको पाईन्छ। भने अन्यको केहि फरक रहेको छ।

यस उप–महानगरपालिकाका प्रायः जसो समुदायका अधिकांश मानिसहरूले धर्मको रुपमा सनातन हिन्दु धर्मलाई स्वीकारेको देखिन्छ। यद्यपि राई समुदायको भने आफ्नै भाषा, रहनसहन, भेषभुषा एवं परम्परा र संस्कार रहेको पाईन्छ। पहाडी समुदायहरूबाट वेदमूलक आर्य–संस्कृतिका विधि–विधान र धर्म शास्त्र जस्तै रामायण, महाभारत, पूराण आदि ग्रन्थहरूको आधार मानी ती बिषयवस्तुहरूलाई लोकभाषा, लोकलय, लोकधुन, र लोकशैलीमा ढालेर लोकजीवनको सेरोफेरोसित तादात्म्य मिलाई आफ्नोपन झल्काउने गरी दोहोरी, लोकगीत आदिको रुपमा विभिन्न विशिष्ट अवसरहरूमा प्रस्तुत गरिन्छ। यो समुदायको विशेष पहिचान नै आफ्नो विशिष्ट भाषिक र सांस्कृतिक मौलिकपना नै हो। उप–महानगरपालिकामा विभिन्न समुदायका मानिसहरुको बसोबास रहेका हुनाले उनीहरुका आआफ्नै चाडपर्वहरु छन्। जस्तै, हिन्दूधर्मावलम्बीहरुले बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, छठ (होली), चैते दशैं, साउने–माघे सक्रान्ति, मागी, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी–हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, गोठाले, श्री स्वस्थानी पूर्णिमा, नयाँ वर्ष सोहश्राद्ध ग्रामथान पूजा, बोल बम आदि चाडपर्वहरु मानउने गर्दछन्। बौद्ध धर्मावलम्बीहरुले बुद्धजयन्ती, विभिन्न ल्होसार पर्वहरु, तिहार आदि मनाउने गरेको पाइएको छ। यसैगरी ईस्लामहरुले ईद, वकरईद आदि र क्रिश्चियनहरुले क्रिशमस डे, नयाँ वर्ष, भ्यालेनटाईन डे आदि मनाउने गर्दछन्। पहाडे मुलका क्षेत्री, बाहुन, कामी, दमाई आदि पुरुषले कमेज–सुरुवाल, दौरा–सुरुवाल लगाउँछन् भने मधेसी मूलकाले कमेज, धोती आदि लगाउँछन्। तर अहिलेको समयमा सबै जातजातिका युवा, युवतीहरु क्रमशः पैन्ट, शर्ट, साडी ब्लाउज, कुर्ता–सलवार नै लगाउन रुचाउँछन्। साँस्कृतिक विविधता धरान उपमहानगरपालिकाको विशिष्टता हो।

## परिच्छेद ३: पारिवारिक विवरण तथा जनसङ्ख्याको अवस्था

### ३.१ जनसंख्या (Population)

राष्ट्रिय जनगणना २०७८ अनुसार धरान उपमहानगर पालिकाको १,६६,५३१ रहेको छ, जसमध्ये पुरूषको संख्या ७८,४१० (४७.१प्रतिशत) र महिलाको संख्या ८८,१२१ (५२.९ प्रतिशत) रहेको छ। जस अनुसार लैङ्गिक अनुपात (Sex Ratio) अर्थात प्रति १०० जना महिलामा पुरूषको संख्या ८८.९८ रहेको छ।

### ३.२ वार्षिक औषत जनसंख्या वृद्विदरु (Average Annual population Growth Rate) :

धरान उपमहानगरपालिकाको जनगणना अवधिको वार्षिक औषत जनसंख्या वृद्विदर (Average Annual population Growth Rate) १.८१ प्रतिशत रहेको छ।

### ३.३ जनघनत्व (Population Density) :

राष्ट्रिय जनगणना २०७८को नतिजा अनुसार धरान उपमहानगरपालिकाको जनघनत्व (प्रति वर्ग किलोमिटर क्षेत्रफलमा रहेको जनसंख्या) ८६६ जना प्रतिवर्ग किलोमिटर रहेको छ।

### ३.४ परिवारको आकारः

यस उपमहानगरपालिकामा ३० हजारभन्दा बढी घरधुरी र ४२ हजार ३ सय ९६ घरपरिवार रहेका छन्। वि.सं.२०६८ सालको जनगणना अनुसार प्रत्येक परिवारको औषत आकार ४.२९ रहेकोमा हाल ३.९३ कायम भएको छ। प्रतिपरिवारमा बसोबास गर्ने सदस्य सङ्ख्यामा घटेको छ।

वडागत जनसङ्ख्यालाई हेर्दा सबैभन्दा ठूलो वडा नं. १५, दोस्रो ठूलो वडा नं. ११ त्यसपछि क्रमशः १७ र १४ रहेका छन्। आर्थिक रूपले सक्रिय जनसङ्ख्या १ लाख ११ हजार ७ सय ४३ रहेको छ। यो सङ्ख्या कुल जनसङ्ख्याको ६७.१५ हुन आउँछ। प्राप्त नतिजाअनुसार धरान उपमहनागरपालिकामा १७ हजार ५ सय १३ जना ६० वर्षमाथिका ज्येष्ठ सदस्यहरूको बसोबास रहेको छ। जसमध्ये ६०–६४ वर्ष उमेरसमूहका मानिसहरुको बाहुल्यता देखिन्छ। समग्रमा धरान उपमहानगरपालिका जनसाङ्ख्यिक लाभको अवस्थामा रहेको र यो अवस्था कम्तीमा थप दुई दशकसम्म रहन सक्ने भएकोले उपलब्ध मानवीय स्रोतको अधिकतम् प्रयोग र उचित लाभ लिन सक्ने गरी सरकारी नीति तथा कार्यक्रम तय गरी कार्यान्वयन गर्न सामूहिक प्रयत्न रहेमा शिक्षा, सभ्यता र जागरणको इतिहास जस्तै वर्तमान र भविष्यमा समेत धरानको गौरव र समृद्धिको मार्ग प्रशस्त हुनेछ।

### ३.५ लिङ्ग र उमेर समूह अनुसार परिवारमुलीको विवरण

राष्ट्रिय जनगणना २०७८ अनुसार धरान उपमहानगरपालिकाको जम्मा ४२,३९६ घरधुरीमध्ये पुरुष घरमुली रहेको परिवार संख्या २३,६६९ (५५.८२ प्रतिशत) र महिला घरमुली रहेको परिवार संख्या १८७३२ (४४.१८ प्रतिशत)

रहेको छ । जसमा २० वर्ष भन्दा कम रहेका उमेरका बालबालिका घरमुली रहेको परिवार संख्या ४४७ (१.०५ प्रतिशत) छ ।

**तालिका २: लिङ्ग र उमेर समूह अनुसार परिवारमुलीको विवरण**

| क्र.सं. | उमेर समुह | पुरुष | महिला |
|---|---|---|---|
| १ | ७० वर्षभन्दा माथि | १८२० | ११२२ |
| २ | ६०-६९ वर्ष | ३३१६ | १८२७ |
| ३ | ५०-५९ वर्ष | ५०७८ | २८१८ |
| ४ | ४०-४९ वर्ष | ५८८८ | ४१६४ |
| ५ | ३०-३९ वर्ष | ५१३२ | ५६०२ |
| ६ | २०-२९ वर्ष | २२१७ | २९७० |
| ७ | १५-१९ वर्ष | २०४ | २१२ |
| ८ | १४ वर्षभन्दा मुनि | १४ | १७ |
| | जम्मा | २३६६९ | १८७३२ |

स्रोत: राष्ट्रिय जनगणना २०७८

## ३.६ जनसङ्ख्या वितरणको अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार धरान उपमहानगरपालिकाको १,६६,५३१ रहेको छ, जसमध्ये पुरूषको संख्या ७८,४१० (४७.१प्रतिशत) र महिलाको संख्या ८८,१२१ (५२.९ प्रतिशत) रहेको छ। जस अनुसार लैङ्गिक अनुपात (Sex Ratio) अर्थात प्रति १०० जना महिलामा पुरूषको संख्या ८८.९८ रहेको छ । वडातग रुपमा हेर्दा धरान उपमहानगर पालिकाको वडा नं. १५ मा सबैभन्दा बढी २७,४११ (१६.४५ प्रतिशत) रहेको छ । सबैभन्दा कम जनसंख्या वडा नं. २ मा २,२७५ (१.३६ प्रतिशत) रहेको छ ।

तालिका ३: वडा अनुसार जनसङ्ख्याको विवरण

| वडा नम्वर | घरधुरी संख्या | जनसंख्या | | | औसत परिवारको आकार | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | | |
| १ | १२४७ | २५४९ | २४१३ | ४९२६ | ३.९८ | ९४.६६ |
| २ | ५१४ | ११५१ | ११२४ | २२७५ | ४.४३ | ९७.६५ |
| ३ | ११०१ | 2358 | २३०४ | ४६६२ | ४.२३ | ९७.९१ |
| ४ | ९९२ | १९६१ | १८२२ | ३७८३ | ३.८१ | ९२.९१ |
| ५ | ३४४१ | ७१७२ | ६३८० | १३५५२ | ३.९७ | ८७.७५ |
| ६ | २१४ | ४४७२ | ३९८३ | ८४५५ | ३.९५ | ८९.०७ |
| ७ | ७६८ | १४८७ | १४८० | २९६७ | ३.८६ | ९९.५३ |
| ८ | ३०९० | ६२९७ | ५८२९ | १२१२६ | ३९२ | ९२.५७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | ८७३ | १८३७ | १७२७ | ३५६४ | ४.०८ | ९४.०१ |
| १० | १२६९ | २४६८ | २१४४ | ४६१४ | ३.६३ | ८६.८७ |
| ११ | ४२८८ | ९२६४ | ७९०४ | १७१६८ | ४.०० | ८५.३२ |
| १२ | ७५६ | १५६१ | १४६८ | ३०२९ | ४.०१ | ९४.०४ |
| १३ | २३१३ | ४९७ | ४१६७ | ९१३८ | ३.९५ | ८३.८३ |
| १४ | १२४१ | २५१७ | २२८६ | ४८०३ | ३.८७ | ९०.८२ |
| १५ | ७०१५ | १४५९६ | १२८४५ | २७४११ | ३.९१ | ८८.०० |
| १६ | ३८२८ | ७८३० | ६८३५ | १४६६५ | ३.८३ | ८७.२९ |
| १७ | ३९४२ | ८४०३ | ७५०९ | १५९१२ | ४.०४ | ८९.३६ |
| १८ | १३४२ | २५०७ | २०७२ | ४५७९ | ३.४१ | ८२.६५ |
| १९ | १३४७ | २८९८ | ४१५ | ५३१३ | ३.९४ | ८३.३३ |
| २० | ८८७ | १७२३ | १७०३ | ३४२६ | ३.८६ | ९८.८४ |

स्रोत: राष्ट्रिय जनगणना २०७८

## ३.७ उमेर तथा लिङ्गको आधारमा जनसङ्ख्या विवरण

लिङ्गको आधारमा धरान उपमानगरपालिकाको जनसंख्यालाई विश्लेषण ०-४ वर्ष, ०५-०९ वर्ष, १०-१४ वर्ष र ८०-८४ उमेर समुहमा महिलाको भन्दा पुरुषको जनसंख्या बढी रहेको छ।

तालिका ४ : उमेर तथा लिङ्गको आधारमा जनसङ्ख्या विवरण

| क्र.सं. | उमेर समुह | जनसंख्या | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| १ | ०-४ वर्ष | ४८२९ | ५२६० | १००८९ |
| २ | ०५-०९ वर्ष | ६४७१ | ७१०२ | १३५७३ |
| ३ | १०-१४ वर्ष | ६६०० | ७०१३ | १३६१३ |
| ४ | १५-१९ वर्ष | ७९९५ | ७९७८ | १५९७३ |
| ५ | २०-२४ वर्ष | ८३६६ | ७२२७ | १५५९३ |
| ६ | २५-२९ वर्ष | ८६७९ | ६३९६ | १५०७५ |
| ७ | ३०-३४ वर्ष | ८३९४ | ६३४४ | १४७३८ |
| ८ | ३५-३९ वर्ष | ७६३५ | ५९२४ | १३५५९ |
| ९ | ४०-४४ वर्ष | ६५२८ | ५५२२ | १२०५० |
| १० | ४५-४९ वर्ष | ४९४८ | ४४२९ | ९३७७ |
| ११ | ५०-५४ वर्ष | ४७१५ | ४२६४ | ८९७९ |
| १२ | ५५-५९ वर्ष | ३३५६ | ३०४३ | ६३९९ |

| | | | | |
|---|---|---|---|---|
| १३ | ६०-६४ वर्ष | ३१०५ | २७८४ | ५८८९ |
| १४ | ६५-६९ वर्ष | २२९९ | १९२४ | ४२२३ |
| १५ | ७०-७४ वर्ष | १८३५ | १४०७ | ३२४२ |
| १६ | ७५-७९ वर्ष | १२३३ | ९१९ | २१५२ |
| १७ | ८०-८४ वर्ष | ६५० | ४९६ | ११४६ |
| १८ | ८५-८९ वर्ष | ३२७ | २६० | ५८७ |
| १९ | ९०-९५ वर्ष | १०५ | ८७ | १९२ |
| २० | ९४+ वर्ष | ५१ | ३१ | ८२ |

स्रोत: राष्ट्रिय जनगणना २०७८

## ३.८ मातृभाषाको आधारमा जनसङ्ख्या विवरण

धरान उपमहानगरपालिका भाषिक विविधतायुक्त रहेको छ। यस उप–महानगरपालिकामा बसोबास गर्ने व्यक्तिहरूले बोल्ने विभिन्न मातृभाषाहरूमा विविधता रहेको पाइन्छ। मातृभाषाअनुसार जनसंख्याको तुलनात्मक अध्ययन गर्दा यहाँको सबैभन्दा ठुलो जनसंख्याले नेपाली भाषा बोल्दछ। त्यपछि लिम्बु, नेवारी, राई, तामाङ, बान्तवा, मैथिली, मगर र चाम्लिङ लगायतका भाषा बोलिन्छ।

## ३.९ धर्म अनुसार जनसङ्ख्या विवरण

धरान उपमहानगरपालिका धार्मिक विविधतायुक्त रहेको छ। यस पालिकामा आदिवासी/जनजाति लिम्बु, नेवार, राई, मगर समुदाय, वैदिक आर्यहरू र मधेसी मूलका मानिसहरु मानिसहरूको बाहुल्यता रहेको देखिन्छ।.यहाँ हिन्दु, किराँत, बौध्द, क्रिश्चियन, इश्लाम, प्रकृति, जैन, शिख, विन, वहाई धर्म मान्न सम्प्रदाय रहोको छ।

## ३.१० जातिगत आधारमा जनसङ्ख्या विवरण

धरान जातिय विवधताले भरिपूर्ण शहर हो। यहाँ मुख्यगरी राई (बान्तवा, चाम्लिङ, साम्पाङ, कुलुङ, लगायत), लिम्बु (मेन्याङबो, लिङ्देन, चेम्जोङ, योङगाङ, कन्दङवा, आङ्देम्बे, तुम्बाहाङफे, वेघाहाङ लगायत), नेवार, क्षेत्री, तामाङ, पहाडे ब्राम्हण, कामी, मगर, दमाई/ढोली, गुरुङ लगायतको बसोवास रहेको छ।

तालिका ५ : धरान गपमहानगर पालिकामा बस्ने मुख्य २० जातिको जनसामख्यिक विवरण

| क्र.सं. | जाति | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | राई | १५४२८ | १८६३० | ३४०५८ |
| २ | याक्थुङ/लिम्वु | ९५२४ | ११६८५ | २१२०९ |
| ३ | क्षेत्री | ८२२१ | ९१११ | १७३३२ |
| ४ | नेवा:नेवार | ७६६७ | ८६५३ | १६३२० |
| ५ | विश्वकर्मा | ५७९७ | ६४४२ | १२२३९ |
| ६ | तामाङ | ५६७७ | ६३२३ | १२००० |

| | | | | |
|---|---|---|---|---|
| ७ | ब्राम्हण-पहाडे | ४५९२ | ४७८३ | ९३७५ |
| ८ | मगर | ३३१२ | ३७९१ | ७१०३ |
| ९ | परियार | १५७३ | १७९२ | ३३६५ |
| १० | गुरुङ | १४०८ | १७४१ | ३१४९ |
| ११ | वान्तवा | ११२२ | १३४५ | २४६७ |
| १२ | मिजार | ९४६ | १०९८ | २०४४ |
| १३ | भुजेल/घर्ति | ९७२ | १०३५ | २००७ |
| १४ | मुसलमान | १००५ | ८०२ | १८०७ |
| १५ | चाम्लिङ | ७६५ | ८०८ | १५७३ |
| १६ | कुलुङ | ७३७ | ८०८ | १५४५ |
| १७ | थारु | ७५६ | ७६२ | १५१८ |
| १८ | मारवाडी | ७३१ | ६७९ | १४१० |
| १९ | सेर्पा | ६३४ | ६९० | 1324 |
| २० | विदेशी | ७९३ | ४७४ | 1267 |

## ३.११ पेशाका आधारमा जनसङ्ख्या विवरण

धरान उपमहानगरपालिका भित्रको रोजगारीको क्षेत्रलाई विश्लेषण गर्दा सबैभन्दा धेरै ९,०२७ जनसंख्या सेवा तथा वितरणको क्षेत्रमा रहेको छ । ८८३२ जनसंख्याले कृषि, वन तथा माछा पालनको क्षेत्रमा काम गर्ने गरेको छ । ८,०६० जनसंख्या सिल्प कलासँग सम्बन्धित काम गर्दछ । यसैगरी ७, १५८ जनसंख्या व्यवस्थापकको रुपमा काम गर्दछ ।

तालिका ६ : पेशाका आधारमा जनसङ्ख्या विवरण

| क्र.सं. | पेसा | रोजगारीको अवस्था | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | कर्मचारी | रोजगारदाता | स्वरोजगार | परिवारलाई सहयोग गर्ने | नखुलेको | |
| १ | सशस्त्र बल | २१९ | ० | ० | ० | ० | २१९ |
| २ | व्यवस्थापक | १३८९ | १०१४ | ४७४७ | ० | ८ | ७१५८ |
| ३ | जागिर (प्रोफेन) | ३८१४ | २१२ | ४७४ | २४ | ३ | ४४३६ |
| ४ | प्राविधिक तथा सहायक | २३२३ | ७८ | ४५५ | २४ | १ | २८८१ |
| ५ | कार्यालय सहयोगी | १२६८ | ३५ | १६८ | ४० | ० | १५११ |
| ६ | सेवा तथा वितरक (मार्केटिङ) | ३६४५ | २९१ | ४३८० | ७०४ | ७ | ९०२७ |
| ७ | कृषि, वन तथा माछा पालनमा काम गर्ने | ३२६ | ४४ | ७६२७ | ८३५ | ० | ८८३२ |
| ८ | सिल्प कलासँग सम्बन्धित कामदार | ५६८२ | २१७ | २१०१ | ६० | ० | ८०६० |
| ९ | प्लान्ट मेसिन जडान गर्ने | २३०६ | ५३ | १४६१ | ७ | २ | ३८२९ |
| १० | अत्यावसेक सेवा | ११०५३ | ६६ | ५६३५ | ८३३१ | २ | २५०८७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | पेशा एकिन नभएको | ३४ | १ | १३ | १० | ० | ५८ |

स्रोत: राष्ट्रिय जनगणना २०७८

## ३.१२ आर्थिक रूपले सक्रिय जनसङ्ख्या विवरण

धरान उपमहानगरपालिकाको कूल जनसंख्याको आर्थिक रुपले सक्रिय (१५-५९ वर्षसमूह).जनसंख्या १,११,५७६ (६७ प्रतिशत) रहेको छ। जसमध्ये ४९,७४४ जनसंख्या रोजगारीमा आवध्द रहेको छ।

तालिका ७ - आर्थिक रूपले सक्रिय जनसङ्ख्या विवरण

| उमेर समुह | १० वर्ष माथिको जम्मा जनसंख्या | | आर्थिक रुपले सक्रिय | | | | | | आर्थिक क्रियाकलापमा निस्क्रिय | | आर्थिक क्रियाकलापमा नखुलेको | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | हाल आर्थिक रुपले सक्रिय | | | | हाल हाल आर्थिक रुपले सक्रिय नरहेको | | | | | |
| | | | रोजगार | | वेरोजगार | | | | | | | |
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | महिला | पुरुष |
| १०-१४ वर्ष | ७०१३ | ६६०० | ६५ | ४९ | ५५ | ५१ | १२१२ | ११५७ | ५६७९ | ५३४३ | २ | ० |
| १५-१९ वर्ष | ७९७८ | ७९९५ | ७५५ | ४३० | २३२ | २१० | १४९४ | १५२२ | ५४९६ | ५८३० | १ | ३ |
| २०-२४ वर्ष | ७२२७ | ८३६६ | २६२२ | १८१५ | ५५० | ५४५ | ११६८ | १६६९ | २८८३ | ४३३३ | ४ | ४ |
| २५-२९ वर्ष | ६३९६ | ८६७९ | ४०७० | २८५१ | ४७१ | ५५० | ६४४ | १७०१ | १२०४ | ३५७४ | ७ | ३ |
| ३०-३४ वर्ष | ६३४४ | ८३९४ | ४४७६ | ३०५२ | ४१९ | ४७० | ५४१ | १५९१ | ८९९ | ३२६७ | ९ | १४ |
| ३५-३९ वर्ष | ५९२४ | ७६३५ | ४३५७ | ३०१४ | ३४८ | ३३३ | ४३२ | १३६१ | ७७६ | २९१९ | ११ | ८ |
| ४०-४४ वर्ष | ५५२२ | ६५२८ | ४१६५ | २६०९ | २७७ | २४४ | ३६७ | ११६४ | ७०८ | २५०२ | ५ | ९ |
| ४५-४९ वर्ष | ४४२९ | ४९४८ | ३२८६ | १७९२ | १७२ | १५६ | ३१७ | ९४० | ६४७ | २०५१ | ७ | ९ |
| ५०-५४ वर्ष | ४२६४ | ४७१५ | २९८६ | १४४८ | १७९ | ११४ | ३२० | ९२६ | ७७४ | २२२१ | ५ | ६ |
| ५५-५९ वर्ष | ३०४३ | ३३५६ | १८६६ | ८१२ | ९५ | ५७ | २७४ | ६५९ | ८०६ | १८१९ | २ | ९ |
| ६०-६४ वर्ष | २७८४ | ३१०५ | १२११ | ५४४ | ७८ | ४३ | ३५४ | ६०५ | ११३४ | १९१० | ७ | ३ |
| ६५-६९ वर्ष | १९२४ | २२९९ | ५९२ | २४९ | ४६ | २७ | २७६ | ४३३ | १००९ | १५७९ | १ | १ |
| ७०-७४ वर्ष | १४०७ | १८३५ | २८३ | १०९ | २४ | १६ | २१४ | ३२२ | ८८४ | १३८८ | २ | ० |
| ७५ वर्ष माथी | १७९३ | २३६६ | १६८ | ६८ | २० | १० | २६९ | ४०८ | १३३५ | १८८० | १ | ० |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | ६६०४८ | ७६८२१ | ३०९०२ | १८८४२ | २९६६ | २८२६ | ७८८२ | १४४८६ | २४२३४ | ४०६१६ | ६४ | ६९ |

स्रोत: राष्ट्रिय जनगणना २०७८

## ३.१३ अपाङ्गताको आधारमा जनसङ्ख्या विवरण

धरान उपमहानगरपालिकाबाट प्राप्त तथयाङ्क अनुसार विभिन्न प्रकारका आपाङ्गता भएका मानिसहरुको सख्या १२०१ रहेको छ।

तालिका ८ - अपाङ्गताको आधारमा जनसङ्ख्या विवरण

| क्र.सं. | अपाङ्गताको प्रकार | क वर्ग | ख वर्ग | ग वर्ग | घ वर्ग | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | शारिरीक अपाङगता | १२१ | २०५ | १५३ | ५० | ५२९ |
| २ | दृष्टि सम्बन्धी अपाङ्गता | ० | ४४ | ७ | २ | ५३ |
| ३ | सुनाई सम्बन्धी अपाङ्गता | ० | २८४ | ३५ | १ | ३२० |
| ४ | श्रवण दृष्टि सम्बन्धी अपाङ्गता | १२१ | १ | ० | ० | २ |
| ५ | स्वर बोलाई सम्बन्धी सम्बन्धी अपाङ्गता | ० | २१ | ५ | १ | २७ |
| ६ | मनोसामाजिक अपाङ्गता | ११ | ५४ | १९ | २ | ८६ |
| ७ | अटिज्म अपाङ्गता | ७ | ३ | ० | ० | १० |
| ८ | बौध्दिक अपाङ्गता | १० | ४५ | १२ | ३ | ७० |
| ९ | बहु अपाङ्गता | ८८ | २३ | २ | १ | १०४ |
| | जम्मा | २३८ | ६८० | २३३ | ६० | १२०१ |

स्रोत: धरान उपमहानगरपालिका, महिला तथा बालबालिका शाखा-२०८०

## ३.१४ बसाइँसराइ सम्बन्धी विवरण

सामान्य अर्थमा निश्चित समय अवधिमा, निश्चित भौगोलिक वा राजनितिक एकाइकबाट अर्को भौगोलिक वा राजनितिक एकाईमा बासस्थान परिवर्तन गरेर हुने मानिसहरूको भौगोलिक चाललाई बसाइँसराई भनिन्छ। स्थानीय पञ्जिकाधिकारीको कार्यालय, धरान उपमहा नगरपालिकाबाट प्राप्त तथ्याङ्क अनुसार २०७८ बैशाख १ गतेदेखि २०८० चैत्र ३० सम्म ८,१६६ परिवारका २१,४५७ जना मानिस धरान सरेर आएको देखिन्छ। त्यसैगरी ४,७७१ परिवारका ११,५१० मानिस बसाई सरेर गएको देखिन्छ।

उपयुक्त पर्यावरणीय वातावरण, व्यापारको संभावना, शिक्षा र स्वास्थ्य जस्ता सुविधाको उपलब्धता पर्यटकीय सम्भावना र रोजगारीका अवसरको संभावना, शहर हुनुका साथै पूर्वी पहाडी जिल्लाहरुको मूल प्रवेशद्वारको रुपमा रहेको र सडक यातायातको पहुँचको सुविधाका दृष्टिले विराटनगर र इटहरी जस्ता ठूला शहरबाट कोशी राजमार्ग हुँदै धरान पुग्न सकिने र धरान हुँदै धनकुटा, भोजपुर संखुवासभा र तेह्रथुम जिल्ला पुग्न सकिने हुनाले छिमेकी पहाडी जिल्लाका साथै बाहिरी जिल्लाहरूबाट समेत बसाइसराई गरी आएको पाइएको छ।

तालिका ९: बसाइँसराइ सम्बन्धी विवरण

| क्र.सं. | मिति | | बसाई सरी आएको | | बसाई सरी जाने | |
|---|---|---|---|---|---|---|
| | देखि | सम्म | दर्ता संख्या | सदस्य संख्या | दर्ता संख्या | सदस्य संख्या |
| १ | २०७८ बैशाख १ | २०७८ चैत्र १२ | २३७६ | ६६७७ | ११४७ | ३१५७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | २०७९ बैशाख १ | २०७९ चैत्र १२ | ४०४५ | १०५०१ | २७०९ | ६३२२ |
| ३ | २०८० बैशाख १ | २०८० चैत्र १२ | १७४५ | ४२७९ | ९१५ | २०३१ |

स्रोत: स्थानीय पञ्जिकाधिकारीको कार्यालय, धरान उपमहा नगरपालिकाको प्रतिवेदन २०८१

## ३.१५ व्यक्तिगत घटना सम्बन्धी विवरण

नागरिकले आफ्नो व्यक्तिगत अधिकार उपयोग गर्न कानूनी प्रक्रियाहरू पालना गर्नुपर्ने हुन्छ। नागरिकता, राहदानी, वा अन्य परिचयपत्र लिन, रोजगारी वा उद्यम गर्न, विदेश जान निश्चित कानूनी प्रक्रिया पुरा गर्नुपर्ने हुन्छ। यसका लागि सरकारले आधिकारीक प्रमाणपत्र उपलब्ध गराउँछ। जन्म, मृत्यु, बसाइँसराइ विवाह र सम्बन्ध विच्छेद जस्ता घटना समयमा नै दर्ता गर्नुपर्ने हुन्छ। संविधानले नागरिकलाई विभिन्न अधिकार प्रत्याभूत गरेको छ। त्यसको प्रस्थान विन्दु भनेकै व्यक्तिगत घटना दर्ता हो।

स्थानीय पञ्जिकाधिकारीको कार्यालय, धरान उपमहा नगरपालिकाबाट प्राप्त तथ्याङ्क अनुसार २०८० सालमा १८७० बालबालिकाको जन्म दर्ता भएको छ। १०६८ मृत्य दर्ता भएको छ। यस साल १२८७ जनाको विवाह दर्ता भएको देखिन्छ भने ४८२ वटा सम्बन्ध विच्छेदको घटना दर्ता भएको देखिन्छ। २०७८ वैशाख १ गतेदेखि २०८० चैत्र १२ गते सम्मको व्यक्तिगत घटना सम्बन्धी विवरण तलको तालिकामा देखाइएको छ।

तालिका १० : व्यक्तिगत घटना सम्बन्धी विवरण

| क्र.सं. | मिति | | जन्म | मृत्यु | विवाह | सम्बन्ध विच्छेद |
|---|---|---|---|---|---|---|
| | देखि | सम्म | | | | |
| १ | २०७८ बैशाख १ | २०७८ चैत्र १२ | १८९६ | १२४३ | १३६४ | २१५ |
| २ | २०७९ बैशाख १ | २०७९ चैत्र १२ | २३७७ | ११९९ | २०३० | ५०३ |
| ३ | २०८० बैशाख १ | २०८० चैत्र १२ | १८७० | १०६८ | १२८७ | ४८२ |

स्रोत: स्थानीय पञ्जिकाधिकारीको कार्यालय, धरान उपमहा नगरपालिकाको प्रतिवेदन २०८१

## ३.१६ सामाजिक सुरक्षा कार्यक्रमबाट लाभान्वित जनसङ्ख्याको विवरण

सरकारले आर्थिक, सामाजिक रुपमा पछाडि परेजा वर्ग तथा समुदायका नागरिकलाई सामाजिक शुरक्षा कार्यक्रम मार्फत सामाजिक संरक्षण प्रदान गर्न खोजेको छ। यो लोककल्याणकारी राज्यको सुन्दर पक्ष हो। स्थानीय पञ्जिकाधिकारीको कार्यालय, धरान उपमहा नगरपालिकाबाट प्राप्त तथ्याङ्क अनुसार आ.व. २०७९/०८० मा १३७५७ जनसंख्या सामाजिक शुरक्षा कार्यक्रमबाट लावान्वित भएको छ। विगत ३ वर्षको तथ्याङ्कलाई हेर्दा यो संख्या वार्षिक रुपमा बढ्दै गएको देखिन्छ।

तालिका ११ : सामाजिक सुरक्षा कार्यक्रमबाट लाभान्वित जनसङ्ख्याको विवरण

| क्र.सं. | कार्यक्रमको नाम | लावान्वित जनसंख्या | | |
|---|---|---|---|---|
| | | आ.व. २०७९/८० | आ.व. २०७८/७९ | आ.व. २०७७/७८ |
| १ | जेष्ठ नागरिक भत्ता (अन्य) | ७७२९ | ६३४८ | ६००९ |
| २ | जेष्ठ नागरिक भत्ता (दलित) | ५९८ | ६५९ | ५८९ |
| ३ | जेष्ठ नागरिक भत्ता (एकल महिला) | १४९४ | १८५३ | १६४८ |
| ४ | विधवा भत्ता | २३४१ | २२९७ | २१५८ |

| | | | | |
|---|---|---|---|---|
| ५ | पूर्ण अपाङ्गता भत्ता | २१० | २१२ | २०४ |
| ६ | अति अशक्त अपाङ्गता भत्ता | ६५७ | ६२४ | ५३५ |
| ७ | दलित बालबालिका | ७२८ | ७४४ | ७८८ |
| जम्मा | | १३७५७ | १२७३७ | ११९३१ |

स्रोत: स्थानीय पञ्जिकाधिकारीको कार्यालय, धरान उपमहा नगरपालिकाको प्रतिवेदन २०८१

# परिच्छेद ४: आर्थिक अवस्था

## ४.१ प्रमुख आर्थिक विवरण

धरान पुरानो सहर भए पनि पछिल्लो संरचना अनुसार यसमा ठुलो ग्रामिण क्षेत्र पनि समावेश भएको छ। यसले नगरको आर्थिक विकासमा कृषि क्षेत्र पनि महत्वपूर्ण भएर आएको छ।

### ४.१.१ प्राविधिक, सीपयुक्त तथा विशेष दक्षता भएका मानव संशाधनको विवरण

### ४.१.२ मुख्य पेशा सम्बन्धी विवरण

यस पालिकामा कृषि क्षेत्र थोरै रहे पनि वन क्षेत्र धेरै रहेको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार यस पालिककामा कृषि वन र माछापालन कार्यमा दक्ष कामदारहरुको संख्या ५०.१ प्रतिशत रहेको छ। जसमा पुरुषकोभन्दा महिला सहभागिता बढी देखिन्छ। यसैगरी शिल्पकला तथा कारिगरी र यस सम्बन्धी व्यापार गर्ने कामदारहरुको प्रतिशत ५.६ रहेको छ।

तालिका-१२ : पेशागत विवरण

| क्र.सं. | पेशाको विवरण | पुरुष | महिला | कुल |
|---|---|---|---|---|
| १ | सशस्त्र बल | १.२ | ०.१ | ०.७ |
| २ | व्यवस्थापक | ६.६ | ३.५ | ५.१ |
| ३ | पेशाविद्हरू | ४.३ | ३.२ | ३.८ |
| ४ | प्राविधिक तथा सहायक पेशाविद्हरू | २.३ | १.४ | १.९ |
| ५ | कार्यालय सहायकहरू | १.४ | १.२ | १.३ |
| ६ | सेवा तथा वस्तु बिक्री गर्ने कामदारहरु | ७.१ | ४.४ | ५.८ |
| ६ | कृषि वन र माछापालन कार्यमा दक्ष कामदारहरु | ४३.९ | ५६.९ | ५०.१ |
| ७ | शिल्पकला तथा कारिगरी र यस सम्बन्धी व्यापार गर्ने कामदारहरु | ८.७ | २.१ | ५.६ |
| ८ | कारखाना तथा यन्त्र प्रचालक र जडान गर्ने कामदारहरु | ४.९ | ०.३ | २.७ |
| ९ | सामान्य वा प्राथमिक पेशाका कामदारहरु | १९.४ | २६.९ | २३ |

### ४.१.३ आवास संरचना विवरण

यस पालिकामा ढलान पिल्लर सहितको घर १५२९६ (३७.६ प्रतिशत) रहेको छ। ४२.२ प्रतिशत घर सिमेन्टको जोडाई भएको इँटा/ढुङ्गाले बनेका छन। यस पालिकामा छानामा सबैभन्दा जस्ता सबै बढी प्रचलित सामग्री हो। यसको प्रयोग सस्तो, सजिलो र दिगो भएकाले ग्रामीण तथा सहरी दुवै क्षेत्रमा लोकप्रिय छ। पालिकामा करिव ५३ प्रतिशत धरमा जस्ताको प्रयोग भएको छ।

### ४.१.४ आयात र निर्यातकोअवस्था

धरानको कृषि बजार स्थलबाट निर्यात भएका प्रमुख कृषि उपजहरूमध्ये अदुवा, अम्रिसो, तेजपात, बेमौसमी तरकारीहरू (बन्दा, फूलकोबी, टमाटर) तथा नासपातीले सबैभन्दा धेरै परिमाण र मूल्यमा योगदान गरेका छन्। अदुवा एकलौटी सबैभन्दा ठूलो निर्यात वस्तु हो जसको ७,५०० मेट्रिक टन परिमाणमा २६ करोड रुपैयाँको कारोबार भएको छ। अम्रिसो (५,८४० मे. टन) र तेजपात (३,२४५ मे. टन) पनि महत्वपूर्ण गैर-तरकारी उपज हुन् जसले क्रमशः १४ करोड र १३ करोड बराबरको मूल्य आर्जन गरेका छन्। यी परम्परागत उपजहरू उच्च परिमाणमा निर्यातले पहाडी क्षेत्रमा आधारित खेती प्रणालीको व्यावसायिक विस्तारको हुदै गएको देखाएको छ।

त्यस्तै, बेमौसमी तरकारीहरूमध्ये बन्दा (३०२० मे. टन), फूलकोबी (११२० मे. टन), र टमाटर (३४० मे. टन) को निर्यात भएको छ। यी उपजहरू उच्च मूल्यका तरकारीबाली अन्तर्गत पर्दछन् जसले कृषकहरूलाई नगद आम्दानीमा उल्लेख्य योगदान पुर्याएको देखिन्छ। अकबरे, अलैंची, लाहा, मजिटोजस्ता तुलनात्मक रूपमा कम परिमाणका तर पनि उच्च मूल्यका उपजहरूले विविधिकरण र उच्च मूल्यबृत्तमा आधारित कृषिजन्य वस्तुको सम्भावनालाई पुष्टि गर्छन्। रिठ्ठो, मटरकोसा, गाजर, धनियापातजस्ता सहायक तरकारीबालीले पनि बजार विविधता कायम राखेका छन्। यसले देखाउँछ कि धरानको कृषि बजार स्थलले केवल एक-दुई वस्तुमा नभई, विभिन्न किसिमका उपजको व्यापार विस्तार गरेको छ जसले स्थानीय कृषकको आम्दानी वृद्धिमा योगदान पुर्याएको छ।

तालिका १४ : आयात र निर्यातकोअवस्था

| कृषि बजार स्थल, धरानका अनुसार आर्थिक वर्ष २०७९/०८० मा निर्यात भएका कृषि उपजको विवरण | | | |
|---|---|---|---|
| क्र.सं. | बस्तूको नाम | परिमाण (मे.टनमा | औसत मुल्य |
| १ | अदुवा | ७५०० | २६००००००० |
| २ | अम्रिसो | ५८४० | १४००००००० |
| ३ | तेजपात | ३२४५ | १३००००००० |
| ४ | मजिटो | २४० | ४६०००००० |
| ५ | रिठ्ठो | १०५ | ७५०००००० |
| ६ | लाहा | १० | १०००००० |
| ७ | बेमौसमि बन्दा | ३०२० | ६१०००००० |
| ८ | ,, मटरकोषा | २२० | १७६००००० |
| ९ | ,, गाजर | ४५ | ३०००००० |
| १० | ,,धनियापत्ता | ३० | ३०००००० |
| ११ | ,,फूलकोबी | ११२० | ४००००००० |
| १२ | ,, टमाटर | ३४० | २५०००००० |
| १३ | ,, मूला | ५५० | ८०००००० |
| १४ | अकबरे | २२ | ५५००००० |
| १५ | अलैचि | १७ | १७०००००० |
| | नापाती | ३६४० | १६०००००० |

### ४.१.५ १० वर्ष र सोभन्दा माथिका व्यक्तिले आर्थिक काम गर्दा रोजगारीको संलग्नता अनुसारको जनसंख्या

१० वर्ष र सोभन्दा माथिका व्यक्तिले गणनाको समय देखि १२ महिना अगाडि सम्म गरेको मुख्य आर्थिक काम गर्दा रोजगारीको संलग्नता अनुसारको जनसंख्यालाई हेर्दा आफ्नै बैंक खातामार्फत कारोवार गर्ने स्वरोजगार जनसंख्या ५५.३ प्रतिशत रहेको छ । यो संख्या मुख्य आर्थिक काम गर्दा रोजगारीको संलग्न जनशक्तिमध्ये धेरै हो ।

तालिका १५ : रोजगारीको संलग्नताको विवरण

| क्र.सं. | विवरण | पुरुष | महिला | कुल |
|---|---|---|---|---|
| १ | कामदार | ३४.७ | २१.९ | २८.६ |
| २ | रोजगारदाता | २ | ०.७ | १.४ |
| ३ | आफ्नै खाता | ५२ | ५९ | ५५.३ |
| ४ | पारिवारिक आपूर्ति | ११.२ | १८.२ | १४.५ |

### ४.१.६ वैदेशिक रोजगारीमा गएकाहरूको विवरण

यस पालिकाका ९ हजार ३ सय ८६ जना बैदेशिक रोजगारीमा रहेका छन । जसमा महिला २ हजार ९ सय ९७ र पुरुषको संख्या ६ हजार ३ सय ८९ रहेको छ । यसबाट पालिकामा वार्षिक ३ अर्व २७ करोड ५९ लाख रुपैयाँ भित्रने गरेको छ । वैदेशिक रोजगारीमा रहेका व्यक्तिको प्रतिव्यक्ति औसत आय ४२ हजार १३५ रुपैयाँ रहेको छ ।

### ४.१.७ सुकुम्बासी सम्बन्धी विवरण

धरान उपमहानगरपालिकाका विभिन्न वडामा भूमिहिन दलित र भूमिहिन सुकुम्बासी दुवै वर्गको उल्लेखनीय उपस्थिति रहेको छ। कुल संख्या हेर्दा वडा नं. १७ मा सबैभन्दा बढी भूमिहिन दलित (३५२ जना) र भूमिहिन सुकुम्बासी (१००२ जना) छन्, जुन अन्य वडाको तुलनामा अत्यधिक हो। यसैगरी वडा नं. ११, ५, १५, ८, र १६ मा पनि यी दुवै समूहको संख्या उच्च देखिन्छ, जसले देखाउँछ कि यी क्षेत्रहरूमा सामाजिक-आर्थिक रूपले अति कमजोर समुदायहरू बढी बसोबास गरिरहेका छन्। खासगरी दलित समुदायमा भूमि स्वामित्वको अत्यन्तै कमी रहेको देखिन्छ, जुन दीर्घकालीन सामाजिक बहिष्करणको परिणाम हो।

यसले के देखाउछ भने उपमहा नगरपालिकामा वर्गीय र सामाजिक असमानता गहिरो रूपमा विद्यमान छ। धेरै वडाहरूमा भूमिहिन सुकुम्बासीहरूको संख्या भूमिहिन दलितहरूभन्दा बढी देखिन्छ, जसले औपचारिक बसोबास अधिकार नभएका गैर-दलित जनसंख्याको पनि ठुलो हिस्सा रहेको संकेत गर्छ। यस्तो स्थितिमा सामाजिक न्याय, आवास, तथा भूमि पुनर्वितरणसम्बन्धी कार्यक्रमहरूको आवश्यकता अत्यन्तै महत्वपूर्ण देखिन्छ।

| सुकुम्बासी सम्बन्धी विवरण | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | वडा नं. | भूमिहिन दलित संख्या | भूमिहिन सुकुमबासि संख्या | अव्यवस्थित फारम भरेको संख्या | कैफियत |
| १ | १ | १९ | २९ | १० | |
| २ | २ | २ | १४ | ० | |
| ३ | ३ | २३ | ८६ | ३८ | |
| ४ | ४ | १५ | १७९ | ३६२ | |
| ५ | ५ | २२० | ४५० | ३११७ | |
| ६ | ६ | ९३ | १७१ | १०३ | |
| ७ | ७ | ४ | ३२ | ८ | |
| ८ | ८ | ११८ | २११ | १८९ | |
| ९ | ९ | ३ | ७ | १० | |
| १० | १० | ७ | २५ | १२ | |
| ११ | ११ | १६३ | ४६८ | १०९३ | |
| १२ | १२ | १० | २९ | ० | |
| १३ | १३ | ३१ | २९३ | २९८ | |
| १४ | १४ | १६ | ११७ | ७५ | |
| १५ | १५ | ११७ | २७३ | ९७७ | |
| १६ | १६ | ८४ | २२० | ११७ | |
| १७ | १७ | ३५२ | १००२ | १०६२ | |
| १८ | १८ | १३ | २१ | ४ | |
| १९ | १९ | ५७ | ९२ | २७ | |
| २० | २० | ३ | ४५ | ५३६ | |

### ४.२.१ वर्तमान भू–उपयोग

धरान उपमहानगरपालिकाको मुख्य भूउपयोगमा सहरी क्षेत्र, आवासीय क्षेत्र, कृषि क्षेत्र, नदी र पानीले ढाकिएको क्षेत्र, वन, सडक तथा बसपार्क, पार्क तथा बगैंचा, औद्योगिक तथा शैक्षिक क्षेत्रहरू पर्दछन् । पालिकाको दक्षिणीभागमा रहेको अधिकांश समतल जमिन र पहाडी क्षेत्र जङ्गलले ढाकेको छ। धरानको कुल क्षेत्रफलको झण्डै ५० प्रतिशत भूभाग संरक्षित चारकोसे वनले ओगटेको छ। सहरी बस्ती नगरपालिकाको केन्द्रमा अवस्थित छ र पश्चिम तर्फ फैलिएको गएको छ। पछि थपिएक पूर्व र पश्चिमी क्षेत्रमा सहरी पूर्वाधारको अभाव देखिन्छ।

कुल भूभागको ६३ प्रतिशत भूभाग वन क्षेत्रले ओगटेको छ। यो महत्त्वपूर्ण वनले यस क्षेत्रमा समृद्ध जैविक विविधता र बलियो पारिस्थितिक सन्तुलनलाई विम्मित गरेको छ। खेती योग्य जमिनले ८.९१ प्रतिशत जमिन ओगटेको छ, यसले खाद्य उत्पादन र किसान सामूदायिकको जीविकोपार्जनलाई सहज बनाएको छ।

बुट्यान र घाँसे मैदानले जमिनको ३ प्रतिशत क्षेत्र ओगटेको छ, जसले वन र कृषि क्षेत्रहरू बीचको महत्त्वपूर्ण संक्रमणकालीन क्षेत्रहरू प्रदान गर्दछ, साथै वन्यजन्तु र चरनलाई सहज बनाएको छ । बालुवाले ४ प्रतिशत जमिन ओगटेको छ, यसमा नदी/ खोला किनाराका क्षेत्रहरू रहेका छन। निर्माण क्षेत्रहरूले जमिनको २ प्रतिशत भूभाग ओगटेका छ। बाँझो भूमिले क्षेत्रफलको १ प्रतिशत भू-भाग ओगटेको छ।

| क्र.सं. | विवरण | क्षेत्रफल | प्रतिशत |
|---|---|---|---|
| १ | खेती योग्य | ४५.९८ | २३.८७ |
| २ | वन जङ्गल | १३५.२ | ७०.२ |
| ३ | जल स्रोत | ०.०१ | ०.०१ |
| ४ | बसोवास क्षेत्र | ३.४५ | १.७९ |
| ५ | नदी | ७.०८ | ३.६८ |
| ६ | चट्टान क्षेत्र | ०.८७ | ०.४५ |
|  | जम्मा | १९२.६ | १००. |

### ४.२.२ महिलाको भू–स्वामित्व अवस्था

यस उपमहानगरपालिकाको भू-स्वामित्वको तथ्याङ्क हेर्दा ७८८१ परिवारमा महिलाको घर जग्गा दुवैमा स्वामित्व रहेको प्रतिशत देखिएको छ। त्यसै गरी २७६१८ परिवारमा महिलाको घर जग्गा मा स्वामित्व नरहेको देखिन्छ।

| क्र.सं. | विवरण | जनसंख्या | प्रतिसत |
|---|---|---|---|
| १ | घरको मात्र स्वामित्व भएको | १२६६ | ३ |
| २ | जग्गाको मात्र स्वामित्व भएको | ५१८५ | १२.२ |
| ३ | घर र जग्गा दुवैमा स्वामित्व भएको | ७८८१ | १८.६ |
| ४ | घर र जग्गा दुवैमा स्वामित्व नभएको | २७६१८ | ६५.१ |
| ५ | उल्लेख नभएको | ४४६ | १.०५ |

### ४.३.३ खाद्यान्न बालीमा लाग्नेरोग तथा कीरा विवरण

यस उपमहानगरपालिकाको कुल क्षेत्रफलमध्ये ४५.९८ वर्ग किलो मिटर (२३.८७ प्रतिशत) जमिन खेतिको लागि योग्य रहेको छ। उपमहानगरले वडा नं. ४, ५, ६,१७ र २० लाई मुख्य कृषि क्षेत्रको रुपमा राखेर कृषि विकासको कामलाई अगाडि बढाएको छ। यस पालिकामा धान, गहु, मकै जस्ता अन्नवालि आप, लिची, भुईकटहर जस्ता फलफुल उत्पादन हुन्छन।

| क्र.सं. | बाली | प्रमुख जीब/किटाणु | रोगको नाम |
|---|---|---|---|
| १ | धान | गवारो, पात बेरुवा, पात कटुवा, हरियो फड्के, खैरो फड्के, स्किपर, पतेरो, मिलिवग, निमाटोड, ढुङ्गे, फट्याङ्ग्रा | मरुवा, डडुवा, खैरे, थोप्ले, सिथ ब्लाइट, खैरे |
| २ | गहुँ | कटवर्म, वायरवर्म, लाही | कालो पोके, सिन्दुरे, खैरा |
| ३ | मकै | खुम्रे, फेद कटुवा, गवारो, फट्याङ्ग्रा, लाही | डाठ कुहिने, घोगा कुहिने, कालो पोके |
| ४ | आलु | लाही, फेद कटुवा, खुम्रे, रातो कमिला, धमिरा, आलुको पुतली | लेट ब्लाइट, मोजाई, बोट ओइलाउने, खोस्टे, डडुवा, |
| ५ | तरकारी | भण्टाको गवारो, लाही, बन्दाको पुतली, टमाटरको फलको गवारो, फल कुहाउने औसा, सुलसुले, रातो खपटे, डल्ले खपटे, थ्रिप्स, खुम्रे | वोट ओइलाउने, अल्टर नोरिया, क्लवर्ट, ड्याम्पिङ अफ, डाईब्याक, जरा कुहिने, पाउडरी, मिल्ड्यु |

### ४.३.४ फलफूल तथा तरकारीमा लाग्नेरोग तथा कीरा

| क्र.सं. | बाली | प्रमुख जीब/किटाणु | रोगको नाम |
|---|---|---|---|
| १ | फलफुल | आँपको मधुवा, गवारो, फुल कुहाउने औसा/सुलसुले, अनारको पुतली, होपर | एन्थ्राक्नोजा, सेतो ढुसी, डाईब्याक, आपको गुच्छा हुने, डाउन मिल्ड्यु |
| २ | केराखेती | केराको स्किपर, थाम र गानोको गवारो तथा घुन, खपटे | जरा कुहिने रोग, ओइलाउने रोग, गुवो कुहिने, डडुवा, विन्चिटप |

### ४.३.५ पशुपन्छीमा लाग्नेरोग तथा कीरा

| क्र.सं. | पशुपंक्षी | रोगको नाम |
|---|---|---|
| १ | गाई/भैंसी | नाम्ले, जुका, थुनेलो, लम्पी स्किन रोग, बाझोपन, खोरेत |
| ३ | भेडा/बाख्रा | नाम्ले, जुका, थुनेलो, छमासे रोग, बाझोपन, खोरेत, निमोनिया |
| ४ | बंगुर | लुतो, अफ्रिकन स्वाईफिभर, क्लासिकल स्वाईनफिभर, थुनेलो, खोरेत, निमोनिया, जुका |
| ५ | हाँस/ कुखुरा | रानीखेत, गम्बारो, कोलीबेसिलोसिस, फावल पक्स |

### ४.३.६ व्यावसायिक कृषि फर्मसम्बन्धी विवरण

धरान उपमहानगरपालिकामा ७५ वटा कृषि फर्म दर्ता भएका छन। यी फर्मले धरानको उत्पादकत्व वृध्दिसँगै आर्थिक विकासमा योगदान गरिरहेका छन।

| क्र.सं | कृषि फर्म/कृषि उद्धोगको नाम | ठेगाना |
|---|---|---|
| १ | बसन्तटार नमुना कृषि फर्म | धरान-४ |

| | | |
|---|---|---|
| २ | साँगुरी एग्रीकल्चर फर्म | धरान-११ |
| ३ | प्रगतीसिल कृषि समुह | धरान-१४ |
| ४ | पाचथर कृषि फर्म | धरान-२० |
| ५ | युनिकि कृषि फर्म | धरान-२० |
| ६ | कल्पना कृषि फर्म | धरान-२० |
| ७ | एस एण्ड बि कृषि फर्म | धरान-२० |
| ८ | सहारा कृषि फर्म | धरान-२० |
| ९ | गौतम कृषि फर्म | धरान-१४ |
| १० | वराह कृषि फर्म | धरान-११ |
| ११ | पदम बहादुर राई/क्षितिज राई | धरान-२० |
| १२ | धराने कृषि फर्म | धरान-२० |
| १३ | गौतम कृषि फर्म | धरान-६ |
| १४ | स्वाँरा कृषि फर्म | धरान-२० |
| १५ | एभरेष्ट कृषि फर्म | धरान-४ |
| १६ | निसान पशुपालन तथा अर्गानिक | धरान-११ |
| १७ | खैरेनि कृषि परियोजना केन्द्र | धरान-१५ |
| १८ | रोज कृषि फर्म | धरान-१७ |
| १९ | बगम वेलि कृषि फर्म | धरान-१७/ |
| २० | दाजु भाई कृषि फर्म | धरान-५ |
| २१ | डाँडा टोल कृषि फर्म | धरान-४ |
| २२ | ईन्द्र कृषि फर्म | धरान-२० |
| २३ | कुलुङ कृषि फर्म | धरान-४ |
| २४ | नुना कृषि फर्म | धरान-११ |
| २५ | फमेली कृषि फर्म | धरान-४ |
| २६ | आत्मा निर्भर कृषक समुह | धरान-१५ |
| २७ | सृजना मौरी पालन | धरान-११ |
| २८ | थलङ कृषि | धरान-५ |
| २९ | नाम्लिङ कृषि फर्म | धरान-६ |
| ३० | सुहाना कृषि फर्म | धरान-५ |
| ३१ | कुशाक कृषि फर्म | धरान-६ |
| ३२ | पुष्पान्जली कृषि फर्म | धरान-८ |

| | | |
|---|---|---|
| ३३ | मन्जिन च्याउ उद्योग | धरान-१४ |
| ३४ | पाँच कन्या च्याउ उद्योग | धरान-४ |
| ३५ | गोरखा मौरी पालन | धरान-७ |
| ३६ | विष्णु पादुका मौरी पालन फर्म | धरान-२० |
| ३७ | पाँचकन्या वि किपिङ सेन्टर | धरान-२ |
| ३८ | नारायण कृषि फर्म | धरान-१४ |
| ३९ | मचिन्द्र कृषि फर्म | धरान-२० |
| ४० | धन बहादुर ब उ कृ फर्म | धरान-६ |
| ४१ | नवउर्जा ब.उ.कृ फर्म | धरान-५ |
| ४२ | प्रगतिसिल कृषि फर्म | धरान-६ |
| ४३ | नया आशा कृषि फर्म | धरान-१३ |
| ४४ | युमा मल्टि प्रपोज एग्रो | धरान-८ |
| ४५ | अनमोल कृषि फर्म | धरान-५ |
| ४६ | सुनिआईति कृषि फर्म | धरान-२० |
| ४७ | सेन्दिहांङ राई कृषि फर्म | धरान-५ |
| ४८ | बुढासुब्बा कृषि फर्म | धरान-१४ |
| ४९ | पाथिभरा कृषि फर्म | धरान-६ |
| ५० | अर्जुन कृषि फर्म | धरान-५ |
| ५१ | माङ सेवा मल्टि कृषि फर्म | धरान-१८ |
| ५२ | सयंक कृषि फर्म | धरान-२० |
| ५३ | वि एल एग्रो फर्म | धरान-११ |
| ५४ | चाम्लिङ कृषि फर्म | धरान-५ |
| ५५ | पौरखि एकिकृत कृषि फर्म | धरान-६ |
| ५६ | महालक्ष्मि कृषि फर्म | धरान-२६ |
| ५७ | पानबारि कृषि फर्म | धरान-६ |
| ५८ | मातृभुमि एग्रिकल्चर | धरान-५ |
| ५९ | लोट्टे च्याउ फर्म | धरान-११ |
| ६० | केट कृषि फर्म | धरान-६ |
| ६१ | लामिछाने बस्नेत कृषि फर्म | धरान-६ |
| ६२ | चेम्जोङ एग्रिकल्चर कृषि फर्म | धरान-५ |
| ६३ | चन्द्र कला कृषि फर्म | धरान-५ |

| | | |
|---|---|---|
| ४४ | गंगाधन बहुउद्देश्यिय कृषि फर्म | धरान-६ |
| ६५ | सुखि कृषि फर्म | धरान-५ |
| ६६ | फोम्बोहांङ कृषि फर्म | धरान-४ |
| ६७ | सेनेहांग कृषि फर्म | धरान-६ |
| ६८ | राज एण्ड एसोसियट्स | धरान-६ |
| ६९ | मामा भान्जा कृषि फर्म | धरान-६ |
| ७० | विक्रम कृषि फर्म | धरान -५ |
| ७१ | कोपिला कृषि फर्म | धरान-५ |
| ७२ | साम्पाङ कृषि फर्म | धरान-२० |
| ७३ | तारा देवि एग्रो कृषि फर्म | धरान-५ |
| ७४ | राधा कृष्ण कृषि फर्म | धरान-६ |
| ७५ | चम्चिङ कृषि फर्म | धरान-४ |

### ४.३.७ आधुनिक (व्यावसायिक) पशुपालन (फार्म) सम्बन्धी विवरण

कृषि गणना २०७८ अनुसार धरान उपमहानगरपालिकामा ६३६१ किसान परिवारलेले पशु चौपाया पालेका छन। यस्तै पाल्तु पन्छी पाल्ने किसान परिवार संख्या ५१६९ रहेको छ। यस पालिकामा ४१४ पशुपंक्षि व्यवसाय दर्ता भएका छन। यस पालिका भित्र दर्तावाल र दर्ता नभएका गरी करीब ३०० भन्दा बढी मासु व्यवसायीहरू छन्। यस पालिकामा गाई, भैसी, बाख्रा, बङ्गुर, मौरी, खरायो पालन पनि हुने गरेको छ। उपमहानगरपालिकामा पशुपन्छी पालनको अवस्था हेर्दा सबै भन्दा बढी पोल्ट्री फर्म (कुखरा पालन) देखिएको छ।

## ४.४ पर्यटन विकास

### ४.४.१ पर्यटकीय स्थलहरूको विवरण

यस उपमहानगरपालिकामा ३० वटा आकर्षित पर्यटकीय स्थल छन्। यहाँ हालसम्म २४ वटा स्तरीकृत होटल सञ्चालनमा छन्। यसका अतिरिक्त ८ वटा ट्रेकिङ रुट र प्याराग्लाइडिङ तथा साहसिक खेल कम्पनी छन्।

### ४.४.२ होटल, रिसोर्ट तथा रेष्टुरेन्ट सम्बन्धी विवरण

धरान उपमहानगरपालिकाले पर्यटन क्षेत्रको निकै राम्रो सम्भावना बोकेको छ। पछिल्लो समय पर्यटन गन्तव्यहरु पनि थप पहिचान र विकास भईरहेका छन। ग्रामीण पर्यटनलाई प्रवर्द्धन गर्नको लागि होमस्टे प्रभावकारी बन्दै गएको छ। ग्रामीण क्षेत्रमा पुगेका पर्यटकहरुलाई राम्रो सेवा प्रदान गर्ने मान्यताले स्थापित होमस्टे प्रति मानिसहरुको आकर्षण बढ्दो छ। यस उपमहानगरपालिका क्षेत्रभित्र स्थानीय संस्कृति झल्काउने र स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्ने उद्देश्यले ५ होमस्टे सञ्चालनमा रहेका छन।

| होटल | | | होम स्टे | | |
|---|---|---|---|---|---|
| क्र.सं. | होटलको नाम | ठेगाना | क्र.सं. | होम स्टेको नाम | ठेगाना |
| १ | होटल गजुर प्लेस | धरान-८ | १ | कोकाहा सामुदायिक होमस्टे | धरान-२० |
| २ | होटल इजि राइडर | धरान-१५ | २ | माछामारा कैषि पर्यटन होमस्टे | धरान-२० |
| ३ | होटल कञ्चनजङ्गा | धरान-८ | ३ | देविथान सामुदायिक होमस्टे | धरान-४ |
| ४ | होटल रत्न इन | धरान-९ | ४ | सोताङ अर्गानिक होमस्टे | धरान-४ |
| ५ | होटल ड्रिमल्याण्ड | धरान-१९ | ५ | चिण्डेडाडा सामुदायिक होमस्टे | धरान-२० |
| ६ | सेचा | धरान-१५ | | | |
| ७ | होटल नवयुग | धरान-२ | | | |
| ८ | होटल स्टार पूर्वी | धरान-१२ | | | |
| ९ | होटल एगेन | धरान -१० | | | |
| १० | होटल योङकोप | धरान-९ | | | |
| ११ | होटल हङकङ | धरान- २ | | | |
| १२ | होटल ह्वाईट डोभ | धरान-१० | | | |
| १३ | होटल ह्यापी ल्याण्ड | धरान-१ | | | |
| १४ | होटल खुस्वु | धरान-७ | | | |
| १५ | होटल यति | धरान-१ | | | |
| १६ | होटल जानकी | धरान -७ | | | |
| १७ | होटल एन.बि. | धरान- १९ | | | |
| १८ | होटल वेलकम | धरान-२ | | | |
| १९ | होटल एम.एच | धरान -१५ | | | |
| २० | होटल सन्ध्या इन | धरान -७ | | | |
| २१ | फोर सिजन होटल एण्ड लज | धरान -४ | | | |
| २२ | होटल धरान किचन | धरान - १५ | | | |
| २३ | होटल गोर्खा | धरान-१२ | | | |

### ४.४.४ धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थल सम्बन्धी विवरण

स्वच्छ हावापानी, डाँडाकाँडा, साना तर सुन्दर बस्तीहरु, यातायातको सुगमता, ठूला शहरहरु ( इटहरी र बिराटनगर) सँगको सामिप्यता आदि नै धरान उपमहानगरपालिकाका पर्यटकीय आकर्षण हुन् । धर्मावलम्बी पर्यटककालागि केही धार्मिक स्थलहरु समेत रहेको यो धरान उपमहानगरपालिकाराई र लिम्वु सामूदायिकको उद्गम स्थल र एकमात्र बसोबास स्थल हुनाले सामाजिक अध्ययनको लागि पनि आकर्षणको स्थल बनेको छ । बुढासब्बा, दन्तकाली, पिण्डेश्वर लगायतका धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थल रहेका छन ।

| क्र.सं. | धार्मिक तथा पर्यटकीय स्थलको नाम | ठेगाना | क्र.सं. | धार्मिक तथा पर्यटकीय स्थलको नाम | ठेगाना |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | धरान घण्टाघर | धरान - २ | १६ | इस्कोन मन्दिर | धरान -१६ |
| २ | शिवजट्टा झरना | धरान - ४ | १७ | तारा स्मृति पार्क | धरान- १६ |
| ३ | दानाबारी भ्यु | धरान- ११ | १८ | सप्तरङ्गी पार्क | धरान- १७ |
| ४ | हजार ठुला बुध्द | धरान- ४ | १९ | साकेला पार्क | धरान- १७ |
| ५ | यलम्वर पार्क | धरान- ८ | २० | गल्फ कोर्स | धरान- १८ |
| ६ | गिता मन्दिर | धरान - १२ | २१ | हरियाली पार्क | धरान- १९ |
| ७ | फ्लावर ब्रिज | धरान - १३ | २२ | चिण्डेसाँडा भ्यु प्वाइन्ट | धरान -२० |
| ८ | एसडिएस ढुङ्गे बगैचा | धरान -१३ | २३ | विष्णुपादुका न्दिर | धरान- २० |
| ९ | बुढा सुब्बा मन्दिर | धरान- १४ | २४ | सेचा एडभेन्चर पार्क | धरान- २० |
| १० | श्री पिण्डेश्वर मन्दिर | धरान - १४ | २५ | साँघरी गढी | धरान- २० |
| ११ | दन्काली मन्दिर | धरान- १४ | २६ | सुलीकोट | धरान- २० |
| १२ | पञ्चकन्या मन्दिर | धरान - १४ | २७ | गोर्खा स्मृति पार्क | धरान- २० |
| १३ | विजयपुर गढी | धरान - १४ | २८ | बि.पी. स्मृति पार्क | धरान- २० |
| १४ | शनि मन्दिर | धरान- १५ | २९ | श्रम संस्कृति पार्क | धरान- २० |
| १५ | बगरकोट | धरान१५ | | | |

### ४.४.५ होटेल, रिसोर्ट तथा होमस्टेसम्बन्धी विवरण

धरान उपमहानगरपालिकाले पर्यटन क्षेत्रको निकै राम्रो सम्भावना बोकेको छ। पछिल्लो समय पर्यटन गन्तव्यहरु पनि थप पहिचान र विकास भईरहेका छन। ग्रामीण पर्यटनलाई प्रवर्ध्दन गर्नको लागि होमस्टे प्रभावकारी बन्दै गएको छ। ग्रामीण क्षेत्रमा पुगेका पर्यटकहरुलाई राम्रो सेवा प्रदान गर्ने मान्यताले स्थापित होमस्टे प्रति मानिसहरुको आकर्षण बढ्दो छ। यस उपमहानगरपालिका क्षेत्रभित्र स्थानीय संस्कृति झल्काउने र स्थानीय उत्पादनलाई प्रवर्ध्दन गर्ने उद्देश्यले ५ होमस्टे सञ्चालनमा रहेका छन।

### ४.५.६ बैङ्क तथा वित्तीय संस्था सम्बन्धी विवरण

धरान उपमहानगरपालिकामा २७ वटा बाणिज्य बैंकहरुले वित्तिय सेवा पुर्याई रहेका छन। त्यसै गरी ५ वटा लघुवित्तले उपमहानगरपालिकामा सेवा सञ्चालन गरिरहेका छन।

### ४.५.७ सहकारी सम्बन्धी विवरण

धरान उपमहानगरपालिकामा ८७ वटा सहकारी रहेका छन। जसमा ८० वटाले ऋण तथा बचतको काम गर्दछन।

## परिच्छेद ५: सामाजिक अवस्था

### ५.१.३ शैक्षिक संस्था/विद्यालय (सामुदायिक, संस्थागत, मदरसा, गुम्बा) को विवरण

यस उपमहानगरपालिकामा सामुदायिक तर्फ ६८ वटा बाल विकास केन्द्र छन्। त्यसमा ७८३ बालक र ७१६ बालिका गरी १४९९ जना भर्ना भएका छन्। (स्रोत:शिक्षा शाखा, धरान उपमहानगरपालिका, २०८०) यसैगरी आधारभूत विद्यालय (सामुदायिक)को सङ्ख्या २५ वटा छ । त्यसै गरी माध्यमिक विद्यालय २२ वटा (सामुदायिक) रहेको छ।

यस उपमहानगरपालिका अन्तर्गतका शिक्षण संस्थामा अध्ययन गर्ने ४७,८३९ जना बालबालिकामध्ये १६,५०१ (३४.४९ प्रतिशत) सामुदायिक विद्यालयमा पढ्न जाने गरेका छन्। ३१,३३८ (६५.५१ प्रतिशत) बालबालिका संस्थागत विद्यालयमा पढ्न जाने गरेका छन्। शिक्षा क्षेत्रमा राज्यले उल्लेख्य मात्रामा लगानी गरी दक्ष शिक्षकहरू उत्पादन गरे तापनि गुणस्तरीय शिक्षा अभावका कारण निजी क्षेत्रमा अध्ययन गर्ने बालबालिकाको सङ्ख्या उल्लेख्य रहेको छ। सामुदायिक विद्यालयहरूको क्षमता अभिवृद्धि गरे र अधिकांश विद्यार्थीलाई सामुदायिक विद्यालयमा गुणस्तरीय शिक्षा दिन सके मा हाल संस्थागत विद्यालयमा भइरहेको खर्च प्रत्यक्षरूपमा बचत हुन गई पारिवारिक आयमा सहयोग पुग्न जाने देखिन्छ।

| सामदायिक | | | संस्थागत | | जम्मा |
|---|---|---|---|---|---|
| साधारण | विशेष | धार्मिक | | | |
| ४५ | ७ | ७ | १०२ | | १५७ |
| सामुदायिक सिकाई केन्द्र | | | | १ | |

### ५.१.२ प्राविधिक तथा विशेष सीप युक्त मानव संशाधन

| गैर संस्थागत परिवार संख्या | १८ वर्ष र माथिका परिवार | प्राविधिक तथा व्यवसायिक तालिम लिएका घर परिवार र जनसंख्या | | | |
|---|---|---|---|---|---|
| | | कम्तिमा एक जना तालिम प्राप्त रहेको परिवार संख्या | | जनसंख्या | |
| | | संख्या | प्रतिसत | सख्या | प्रतिसत |
| ४२३९६ | १२००६४ | ९५३० | २२.४८ | ११८५१ | ९.८ |

स्रोत: NPHC 2021

### ५.२.१ स्वास्थ्य संस्था (अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र आयुर्वेद केन्द्र) सेवाको विवरण

| क्र.सं. | स्वास्थ्य संस्थाको नाम | ठेगाना वडा नम्वर | शैया संख्या | प्रसुती सेवा | ल्याव | उपलब्ध सेवा सुविधा | | | | रक्त सञ्चार सेवा | जम्मा कार्यरत कर्मचारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | गाउँ घर क्लिनिक | एक्सरे सेवा | परिवार नियोजना | खोप सेवा क्लिनिक | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | धरान स्वास्थ्य चौकी | १ | ५ | १ | | | | १ | १ | | १० |
| २ | आधारभूत स्वास्थ्य सेवा केन्द्र | ३ | | | | | | १ | | | १ |
| ३ | सामुदायिक स्वास्थ्य इकाई | ४ | | | | | | १ | २ | | २ |
| ४ | पञ्कन्या स्वास्थ्य चौकी | ५ | | | | १ | | १ | ४ | | ७ |
| ५ | आधारभूत स्वास्थ्य सेवा केन्द्र | ६ | | | | २ | | १ | | | २ |
| ६ | आधारभूत स्वास्थ्य सेवा केन्द्र | ८ | | | | | | १ | १ | | २ |
| ७ | आधारभूत स्वास्थ्य सेवा केन्द्र | ११ | | | | | | १ | १ | | ४ |
| ८ | आधारभूत स्वास्थ्य सेवा केन्द्र | १२ | | | | | | १ | १ | | १ |
| ९ | आधारभूत स्वास्थ्य सेवा केन्द्र | १३ | | | | | | १ | १ | | ३ |
| १० | आधारभूत स्वास्थ्य सेवा केन्द्र | १४ | | | | | | १ | १ | | २ |
| ११ | आधारभूत स्वास्थ्य सेवा केन्द्र | १५ | | | | | | १ | १ | | ३ |
| १२ | सहरी स्वास्थ्य केन्द्र, खोरीया | १५ | | | | | | १ | १ | | ३ |
| १३ | आधारभूत स्वास्थ्य सेवा केन्द्र | १६ | | | | | | १ | १ | | २ |
| १४ | आधारभूत स्वास्थ्य सेवा केन्द्र | १७ | | | | | | १ | १ | | २ |
| १५ | सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र, रल्वे | १७ | | | | | | १ | १ | | ६ |
| १६ | विष्णु पादुका स्वास्थ्य चौकी | २० | ५ | १ | १ | ५ | | १ | १ | | ६ |
| १७ | धरान आयुर्वेद औषधालय | १५ | | | | | | | | | |

## ५.२.२. स्वास्थ्य संस्थामा उपलब्ध तथा कार्यरत चिकित्सक, स्वास्थ्य कर्मी र अन्य जनशक्ति विवरण

| क्र.स. | पद | सेवा/ समुह | स्वीकृत दरवन्दि संख्या | | पद पूर्ति | कार्यरत | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | शहरी स्वास्थ्य प्र. केन्द्र तथा आधारभूत स्वास्थ्य सेवा केन्द्र | स्वास्थ्य चौकी र स्वास्थ्य महाशाखा | | स्थायी | करार | करार स्थानिय श्रोत | |
| १ | जन स्वास्थ्य अधिकृत (सातौं आठौं) | स्वास्थ्य/हेल्थ इन्सपेक्सन | ० | १ | २ | २ | ० | १ | |
| २ | जन स्वास्थ्य निरीक्षक/ सि.अ.व. अधिकृत (अधिकृत छैठौं तह) | स्वास्थ्य/हेल्थ इन्सपेक्सन | ० | ४ | ६ | ६ | ० | ० | |
| ३ | अस्पताल नर्सिङ निरीक्षक/ सि.अ.न.मी (निरीक्षका अधिकृत छैठौं तह) | स्वास्थ्य/प.हे.न. वा ज.न. | ० | २ | २ | २ | ० | ० | |
| ४ | हेल्थ असिष्टेण्ट/ सि.अ.हे.व. (सहायक पाँचौ तह) | स्वास्थ्य/हेल्थ इन्सपेक्सन | ० | ६ | ८ | ६ | ० | ० | |
| ५ | स्टाफ नर्स/सि.अ.न.मी (सहायक पाँचौ तह) | स्वास्थ्य/प.हे.न. वा ज.न. | ० | २ | ३ | २ | ० | १ | |
| ६ | अ.न.मी. सहायक चौथी | स्वास्थ्य/प.हे.न. | ० | ३ | २० | १२ | १ | ७ | |
| ७ | अ.हे.व. सहायक चौथो | स्वास्थ्य/हेल्थ इन्सपेक्सन | ० | ३ | ७ | ३ | ० | ४ | |
| ८ | ल्याव टेक्निसियन | स्वास्थ्य/ल्याव | ० | ० | १ | ० | ० | १ | |
| ९ | ग्रा.स्वा.का. मा.सि.का. तेस्रो तह | स्वास्थ्य | ० | ० | ० | ० | ० | ६ | |
| १० | प्रशासन सहायक | प्रशासन | ० | ० | १ | ० | ० | १ | |
| ११ | कार्यालय सहयोगी | प्रशासन | ० | ३ | १० | १ | ० | ९ | |
| जम्मा | | | | २४ | ६६ | ३३ | १ | ३२ | |

| आयुर्वेद तथा बैकल्पिक चिकित्शा शाखा | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १२ | बरिष्ठ कविराज निरिक्षक आठौं तह | आयुर्वेद | ० | १ | १ | १ | ० | | |
| १३ | बरिष्ठ वैद्य सहायक पाँचौं | आयुर्वेद | ० | १ | १ | १ | ० | | |
| १४ | कार्यालय सहयोगी | प्रशासन | ० | १ | १ | १ | ० | | |

नोट:

*४. ३ जना हे.अ.हरु जन स्वास्थ्य निरीक्षकमा स्तरवृद्धि भएको पदस्थापन बाँकी रहेको*

*५. १ जना सि.अ.न.मी. निरिक्षकमा स्तरवृद्धि भएको पदस्थापन बाँकी*

*६. ६ जना को सि.अ.न.मी.मा स्तरवृद्धि भएको पदस्थापन हुन बाँकी*

*७. ३ जनाको सि.अ.हे.व.मा स्तरवृद्धि भएको पदस्थापन बाँकी*

*१०. १ जना उप महानगरपालिकामा काजमा रहेको*

### ५.३.१ खानेपानी सुविधाको अवस्था

धरान उपमहानगरपालिकाका जम्मा ४२,३९६ घरधुरीमध्ये करिब ८१% (३४,५११) घरमा खानेपानीको स्रोत घरको परिसरभित्र धारा/पाइप रहेको छ। त्यस्तै, ६,४४२ घरमा धारा/पाइप बाहिरको परिसरमा रहेकाले ती घरहरूमा दैनिक पानी भरणमा समय र श्रम खर्च हुने देखिन्छ। ट्यूवेल/हात्ते पम्पको प्रयोग ७० घरधुरीमा मात्र छ। इनार/कुवाको प्रयोग ढकनसहित ८० र ढकनविनाको १९९ घरमा देखिन्छ, जसमा ढकन नभएका इनारहरूले स्वास्थ्य जोखिम बढाउने सम्भावना छ। वर्षात्का बेला प्रयोग हुने आकासे पानी वा ट्याङ्करको भर ५७७ घरधुरीले गरिरहेका छन् भने नदी/खोला (१९०), जार/बोत्तल (९६) र अन्य स्रोत (२३१) पनि प्रयोगमा छन्, जुन समग्रमा हेर्दा अझै १५–२०% घरधुरी सुरक्षित, भरपर्दो र स्थायी खानेपानी स्रोतबाट वञ्चित छन् भन्ने देखिन्छ।

| वडा नं. | जम्मा घरधुरी | खाने पानीको स्रोत | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | धारा/पाइप | | ट्युवेल / हात्ते कल | इनार कुवा | | आकासे/ ट्याङ्कर | नदी/ खोला | जार/ बोत्तल | अन्य |
| | | घर परिसर भित्र | घर परिसर बाहिर | | ढकन सहितको | ढकन नभएको | | | | |
| जम्मा | ४२३९६ | ३४५११ | ६४४२ | ७० | ८० | १९९ | ५७७ | १९० | ९६ | २३१ |

### ५.३.२ खानेपानीको श्रोतको विवरण

| क्र.सं. | वार्ड | मुहान | ग्राहक |
|---|---|---|---|
| १ | १ | सर्दु मुहान | ९८२ |
| २ | २ | खर्दु मुहान | ५५० |
| ३ | ३ | तामाखाम मुहान | ६४० |

| | | | |
|---|---|---|---|
| ४ | ७ | निसाने मुहान | ५५५ |
| ५ | ८ | भालु खोला मुहान | २४४६ |
| ६ | ९ | पकुवा खोला मुहान | ७२१ |
| ७ | १० | कोकाहा खोला मुहान | ८४६ |

### ५.३.३ शौचालय प्रयोगको अवस्था

यस उपमहानगरपालिकामा रहेका जम्मा ४२,३९६ घरधुरीमध्ये ३०,०४८ घरधुरी ९७१५० मा ढलमा नजोडिएको फ्लस शौचालय रहेको छ, जुन अधिकतर निजी शौचालय भए पनि सुरक्षित मल व्यवस्थापनमा चुनौती रहेको संकेत गर्दछ। १०,२१८ घरधुरी ९२४५० मा खाल्टे चर्पी रहेको देखिन्छ । ढलमा जोडिएको फ्लस शौचालयको संख्या केवल १,८४० ९४५० मात्र भएकोले ढल व्यवस्थापन पूर्वाधार अझै न्यूनस्तरमा रहेको बुझिन्छ। केही घरधुरी ९७५० ले सार्वजनिक शौचालय प्रयोग गर्दै आएका छन् भने १७९ घरधुरी ९०।४५० मा अझै शौचालय सुविधा नै छैन . समग्रमा, यद्यपि अधिकांश घरधुरीमा शौचालय सुविधा छ, तर सुरक्षित मलमूत्र व्यवस्थापन र ढल प्रणालीमा सुधार आवश्यक देखिन्छ।

| क्र.सं. | जम्मा घरधुरी | शौचालय प्रयोगको अवस्था | | | | |
|---|---|---|---|---|---|---|
| | | फ्लस शौचालय (ढलमा जोडिएको) | फ्लस शौचालय (ढलमा नजोडिएको) | खाल्टे चर्पी | सार्वजनिक शौचालय प्रयोग गर्ने | शौचालयको सुविधा नभएको |
| जम्मा | ४२३९६ | १८४० | ३००४८ | १०२१८ | ७५ | १७९ |

### ५.३.४ फोहोरमैला व्यवस्थापन

एशीयाली विकास बैंकद्धारा नेपालका ५८ स्थानीय तहलाई समेटेर सन् २०१२ मा गरिएको नगल्ने फोहर व्यवस्थापन सम्बन्धी अध्ययन प्रतिवेदन अनुसार प्रति घर परिवारले प्रतिदिन १७० ग्राम फोहोर उत्पादन गर्ने तथ्यका आधारमा प्रतिपरिवार ४ संख्याका आधारमा कुल जनसंख्यालाई भाग लगाई विश्लेषण गर्दा घरान उपमहानगर पालिकामा देहाय अनुसार  फोहोर उन्त्सर्जन हुने देखिन्छ ।

| क्र.सं. | पालिकाको नाम | जम्मा जनसंख्या | परिवार समख्या | दैनिक फोहर उत्सर्जन (मेट्रिक टन ) |
|---|---|---|---|---|
| १ | धरान उपमहानगरपालिका | १,६६,५३१ | ४१६३३ | ७.०७ |

सोही अध्ययन प्रतिवेदनलाई आधार लिंदा देहायमा उल्लेख भए अनुसार फोहोरमैलामा अर्गानिक फोहोरमैला ६६ प्रतिशत, प्लाष्टिक १२ प्रतिशत,कागज र कागजजन्य उत्पादन ९ प्रतिशत, ग्लास ३ प्रतिशत, धातु २ प्रतिशत, टेक्सटाइल २ प्रतिशत, रबर/छालाजन्य पदार्थ १ प्रतिशत र फोहर ५ प्रतिशत रहेको छ।

### ५.४.१. लिङ्ग अनुसार बाल बालिकाको (अठार वर्षमुनिका) को बसाईको अवस्था

| विवरण | आमा र बुवासँगग | आमासँग मात्र | बुवासँग मात्र | बुबा र सौतेनी आमासँग | आमा र सौतेनी बुबासँग | अन्य आफन्तसँग | श्रमिक को रुपमा | अन्य | नखुलेको |
|---|---|---|---|---|---|---|---|---|---|
| महिला | १५८९८ | ४४२२ | ४९९ | ९८ | २७ | १५३२ | ७ | ३७ | २७ |
| पुरुष | १७१२३ | ४५३७ | ५७४ | १२६ | २८ | १४४८ | ९ | ६४ | ११ |
| जम्मा | ३३०२१ | ८९५९ | १०७३ | २२४ | ५५ | २९८० | १६ | १०१ | ३८ |

### ५.४.२ अपाङ्गताका आधारमा जनसंख्या

यस उपमहानगरपालिकामा १,२०१ जना अपाङ्गता भएका व्यक्तिहरूमध्ये सबैभन्दा बढी ६८० जना (५७ प्रतिशत)को अपाङ्गता दोस्रो समूहमा पर्छ, जसमा विशेष गरी सुनाइ सम्बन्धी (२८४), शारिरीक (२०५), र मनोसामाजिक (५४) अपाङ्गता प्रमुख छन्। पहिलो समूहमा २३८ जना छन्, जसमा श्रवण-दृष्टि अपाङ्गता (१२१), बहु अपाङ्गता (८८) र शारिरीक (१२१) अपाङ्गता रहेका छन्। यो तथ्यले देखाउँछ कि शारिरीक, श्रवण र बहु अपाङ्गता सबै समूहमा व्यापक रूपमा देखिएका छन्। दृष्टि, स्वररबोलाई, बौद्धिक र मनोसामाजिक अपाङ्गता पनि उल्लेखनीय छन्, तर अटिज्म र श्रवण(दृष्टि दुबै अपाङ्गता भएका व्यक्तिको संख्या कम छ।

| क्र.सं. | अपाङ्गताको प्रकार | क वर्ग | ख वर्ग | ग वर्ग | घ वर्ग | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | शारिरीक अपाङगता | १२१ | २०५ | १५३ | ५० | ५२९ |
| २ | दृष्टि सम्बन्धी अपाङ्गता | ० | ४४ | ७ | २ | ५३ |
| ३ | सुनाई सम्बन्धी अपाङ्गता | ० | २८४ | ३५ | १ | ३२० |
| ४ | श्रवण दृष्टि सम्बन्धी अपाङ्गता | १२१ | १ | ० | ० | २ |
| ५ | स्वर बोलाई सम्बन्धी सम्बन्धी अपाङ्गता | ० | २१ | ५ | १ | २७ |
| ६ | मनोसामाजिक अपाङ्गता | ११ | ५४ | १९ | २ | ८६ |
| ७ | अटिज्म अपाङ्गता | ७ | ३ | ० | ० | १० |
| ८ | बौध्दिक अपाङ्गता | १० | ४५ | १२ | ३ | ७० |
| ९ | बहु अपाङ्गता | ८८ | २३ | २ | १ | १०४ |
| | जम्मा | २३८ | ६८० | २३३ | ६० | १२०१ |

### ५.५.धार्मिक स्थलको विवरण

यस पालिकामा बुढासुब्बा मन्दिर,  गिता मन्दिर, निशान देवी मन्दिर, बालाजी मन्दिर, राधेश्याम मन्दिर, दन्तकाली मन्दिर, दन्तकालि मन्दिर, गणेश मन्दिर, हनुमान मन्दिर, लक्ष्मी नारायाण मन्दिर, पिण्डेश्वरधाम, हिमालयन महायान देछिङ्ग छयेलिङ्ग गेन्पा, नागेश्वर अमरनाथ शिव, चर्च र मस्जिदहरु रहेका छन ।

### ५.६ स्थानीय चाडपर्व तथा जात्रा र मेलाहरूको विवरण

उपमहानगरपालिकामा विभिन्न सामूदायिकका मानिसहरुको बसोबास रहेका हुनाले उनीहरुका आ-आफ्नै चाडपर्वहरु छन् । जस्तै, हिन्दूधर्मावलम्बीहरुले बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, छठ (होली), चैते दशैं, साउने-माघे सङ्क्रान्ति, मागी, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, गोठाले, श्री स्वस्थानी पूर्णिमा, नयाँ वर्ष सोहश्राद्ध ग्रामथान पूजा, बोल बम आदि चाडपर्वहरु मानउने गर्दछन् । बौद्ध धर्मावलम्बीहरुले बुद्धजयन्ती, विभिन्न ल्होसार पर्वहरु, तिहार आदि मनाउने गरेको पाइएको छ । यसैगरी ईस्लामहरुले ईद, वकरईद आदि र क्रिश्चियनहरुले क्रिशमस डे, नयाँ वर्ष, भ्यालेनटाईन डे आदि मनाउने गर्दछन् । पहाडे मुलका क्षेत्री, बाहुन, कामी, दमाई आदि पुरुषले कमेज-सुरुवाल, दौरा-सुरुवाल लगाँउछन् भने मधेसी मूलकाले कमेज, धोती आदि लगाँउछन् । तर अहिलेको समयमा सबै जातजातिका युवा, युवतीहरु क्रमशः पैन्ट, शर्ट, साडी ब्लाउज, कुर्ता-सलवार नै लगाउन रुचाउँछन् । साँस्कृतिक विविधता धरान उप-महानगरपालिकाको विशिष्टता हो ।

### ५.७ शान्ति तथा सुरक्षाको अवस्था

धरानको शान्ति सुव्यवस्थाको लागि इलाका प्रहरी कार्यालय धरान, वडा प्रहरी कार्यालय, प्रहरी चौकी पानमारा र धरान-४ मा पत्रङ्बारीमा अस्थायी प्रहरी चौकी रहेको छ । साथै अस्थाई प्रहरी पोष्टले काम गरीरहेका छन । यस पालिका भित्र धरान-१६ को नौलो वस्तिमा अस्थाई प्रहरी पोष्ट, धरान १४ बिजयपुरमा अस्थायी प्रहरी चौकी, विष्णुपादुका धरान अस्थायी प्रहरी पोष्ट, धरान १७ रेल्वेमा  अस्थाई प्रहरी पोष्ट अप्रपोष्ट, नयाँ वसपार्कमा अस्थाई प्रहरी पोष्ट, श्याम चोकमा अस्थाई प्रहरी पोष्ट, पाचकन्या अस्थाई प्रहरी पोष्ट, अमरहाट अस्थाई प्रहरी पोष्ट, घोपामा अस्थाई प्रहरी पोष्ट, बरगाछिमा अस्थाई प्रहरी पोष्ट, देरालीमा अस्थाई प्रहरी पोष्ट, तिनकुनेमा अस्थाई प्रहरी पोष्ट, रहेका छन । उपमहानगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्र रहि नगर प्रहरीको नियुक्ति र परिचालन गरिरहेको छ । यसलाई व्यवस्थापन गर्न नगरले करार नगर प्रहरी व्यवस्थापन कार्यविधी २०७५ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ ।

# परिच्छेद ६ : वन तथा वातावरणीय स्थिति

## ६.१ वन क्षेत्रको अवस्था

### ६.१.१ वन क्षेत्र, वनको स्थिति र प्रकार सम्बन्धी विवरण

धरान उपमहानगरपालिकामा १४६.४२ वर्ग किलोमिटर वन क्षेत्र रहेको छ। यो धरान उपमहानगरपालिको कुल क्षेत्रफलको ७६.१६ प्रतिशत हो। यस पालिकामा जसमा ४४ प्रतिशत क्षेत्रफल चारकोसे झाडि रहेको छ भने २६.२० प्रतिशत अन्य वन क्षेत्रको रुपमा रहेको छ। सब डिभिजन वन कार्यालय पाचकन्या र विष्णुपादुकाका अनुसार यस पालिकामा २६ वटा सामुदायिक वन रहेका छन। यी सामुदायिक वनमा ९हजार तीन सय नब्बे परिवारका ४० हजार ९ सय तीन आवध्द रहेका छन।

यस उपमहानगरपालिकामा मुख्य रुपमा पाइने गैह्रकाष्ठ वन पैदावारहरुमा चिराईतो, तेजपात, बोझो, अल्लो काउलो, काफल, पिपला, चुत्रो, ऐसेलु, झ्याउ, च्याऊ, दतिवन, अमला, कुरिलो, हर्रो, बर्रो, बाँस, सबइ घाँस, अम्रिसो, असुरो, राजवृक्ष, बेल, सिन्दुरे, कुकुरडाइनो, भ्याकुर, थाकल, गायो, कुट्मिरो, निगुरो, डुण्डुको साग, बेथे, लहरे साग, सिमसाग, गडपुरैना, लुँडे, जामुन, बयर, भोर्लाको पात र बोक्रा सालको पात, गुँद र बीउ, तेँदुपात, कालो मुस्ली, वेत, सिकाकाइ, सतावरी, तेजपात, चानमडुवा, रुदिलो, तितेपाती, असुरो, चावो, गुर्जो, आँक, वलुझार, कुरीलो, घोडताप्रे, खिर्रो, हाडजोर, धुसुरे, भोगटे, अर्चल, गुजरगाँनो, दुवो, आइटीनझार, तुलसी, पारीजात, टोटलो, घ्युँकुमारी, निम, बोझो, वाकलपाते, सुतानी लहरो, हाडेलसुन, उन्यूँ, अपमार्ग, सयपत्री फूल, पाँचपाते, चरिअमिलो, मरहट्टे, वावरी सुइचोझार, कदम/संजिवन, हलेदो, टिङ्चुरझार, सिउँडी, चरचरेलहरो, वेल, पानी अमला, मथेझार, बर, पिपल, अम्बा, क्यामुन, सुनलहरो, चिप्ले वहरो, तरवारे, धोवी, सिमली, रुद्रघण्टी, हड्चुर आदि रहेका छन। यसलाई हेर्दा वनको दिगो व्यवस्थापन गरी वन सम्पदामा आधारित उद्यमशीलता विकास गरी आय आर्जन बढाउन सकिन्छ।

## ६.२ जलस्रोत तथा जलाधर क्षेत्र

यस उपमहानगरपालिकाअन्तर्गत ३ वटा (सर्दु-खर्दु-तामाखाम) जलाधार प्रणाली छन्। यी जलाधारको दिगो व्यवस्थापनले जलस्रोतको संरक्षण र नियमित जल आपूर्ति हुन्छ।

धरानदेखि उत्तरमा पर्ने पानीढलो र भेडेटारदेखि दक्षिणका महाभारत पर्वत शृंखलालाई २०३३ सालमा नै जलाधार क्षेत्र घोषणा गरिएको थियो। २०३३ माघ २१ गते सर्दु जलाधार क्षेत्र घोषणा र राजपत्रमा प्रकाशित गरी जलाधार क्षेत्र संरक्षण सुरु गरिएको थियो। क्षेत्रफल र सीमांकन गर्ने विषयमा २०७३ मा अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघले एक प्रतिवेदन तयार गरेको थियो। प्रतिवेदन अनुसार सर्दु जालधारले महाभारत पर्वत शृंखलामा पर्ने भेडेटारको दक्षिण क्षेत्रदेखि चारकोसे झाडीसम्म गरी ३९ दशमलव २५ वर्गकिलोमिटर क्षेत्रफल ओगटेको छ। र जलाधारबाट सुक्खा समयमा दैनिक ४२ एमएलटी अर्थात् ४ करोड २० लाख लिटर र वर्षायाममा ९८ एमएलटी अर्थात ९ करोड ८० लाख लिटर सतहको खानेपानी उत्पादन हुन्छ।

### ६.२.२ पानीको मुहान सम्बन्धी विवरण

| क्र.सं. | मुहान |
|---|---|
| १ | सर्दु मुहान |
| २ | खर्दु मुहान |
| ३ | तामाखाम मुहान |
| ४ | निसाने मुहान |
| ५ | भालु खोला मुहान |
| ६ | पकुवा खोला मुहान |
| ७ | कोकाहा खोला मुहान |
| ८ | भमिगत स्रोत |
| ९ | कोकाह |

### ६.२.३ नदी तथा खोला सम्बन्धी विवरण

| नदी तथा खोलाको विवरण | | |
|---|---|---|
| क्र.सं. | खोला/खहरेको नाम | पालिका भित्रको वहावको लम्वाई |
| १ | मार खोला | |
| २ | भालु खोला | |
| ३ | बसन्त खोला | |
| ४ | सेरा खोला | |
| ५ | वाइमा खोला | |
| ६ | सेउती खोला | |
| ७ | गोगने खोला | |
| ९ | मसाने खोला | |
| १० | निसाने खोला | |
| ११ | अँधेरी खोला | |
| १२ | भौडी खोला | |
| १३ | सर्दु खोला | |
| १४ | खर्दु खोला | |
| १५ | ठकुरी खोला | |
| १६ | कोका खोला | |

### ६.४ पार्क तथा उद्यान सम्बन्धी विवरण

धरान उपमहानगरपालिकामा करिव १ दर्जन भन्दा बढी पार्क तथा उद्यानहरू रहेका छन । यसले नगरका विभिन्न वडाहरूमा सार्वजनिक मनोरञ्जन तथा हरियाली प्रवर्द्धनका लागि प्रयास भइरहेको देखिन्छ। सूचीमा रहेका पार्कमध्ये सबैभन्दा धेरै पार्क धरान–२० मा अवस्थित छन् (गोरखा स्मृति पार्क, सेछ एडभेन्चर पार्क, वि.पी. पार्क, श्रम संस्कृति पार्कको भाग), जसले यो वडा खुला स्थान व्यवस्थापनमा अग्रणी रहेको संकेत गर्छ। त्यसपछि धरान–१३ मा ३ वटा पार्क (श्रम संस्कृति पार्क, एसडीएस रक गार्डेन, साकेला पार्क) रहेका छन्, जबकि अन्य पार्कहरू धरान–८, १६, १७, र १९ मा समान रूपमा फैलिएका छन्।

| क्र.सं. | पार्क तथा उद्यानको नाम | ठेगाना |
|---|---|---|
| १ | गोरखा स्मृति पार्क | धरान-२० |
| २ | तारा सुब्बा स्मृति पार्क | धरान-१६ |
| ३ | सेछ एडभेन्च्चेर पार्क | धरान- २० |
| ४ | हरियाली पार्क | धरान -१९ |
| ५ | यलम्वर पार्क | धरान- ८ |
| ६ | वि.पि. पार्क | धरान - २० |
| ७ | श्रम सस्कृति पार्क | धरान - २०/१३ |
| ८ | एस डि एस रक गार्डेन | धरान - १३ |
| ९ | सप्तरङ्गी पार्क | धरान -१७ |
| १० | साकेला पार्क | धरान - १३ |

### ६.५ विपद्जोखिम न्यूनीकरण तथा व्यवस्थापन

#### ६.५.१ जोखिमयुक्त बस्तीको विवरण

| वडा नं. | बाढी पहिरोको जोखिममा रहेको वस्ती विवरण |
|---|---|
| १ | शान्ति टोल, छाता चोक, ओम शान्ति, शिखर टोल |
| २ | शिंहदेवी पथ, त्भुवन पथ, देशी लाईन, रत्न रोड |
| ३ | हिरेन्द्र टोल, चन्द्रपुर बजार, सदन रोड, गिद्धे डाँडा |
| ४ | बसन्तटार, पत्राङ बारी, सारंगा, खैरेनी टार, दानावारी |
| ५ | फोक्लेन टाँपु, ठिङ्गाबारी, चेतना टोल, लालि गुराँस टोल |
| ६ | पोखरा टोल, ज्ञान ज्योति टोल, सरस्वरी टोल, सुन्दर टोल |
| ७ | हिमायती पथ, बुध्द पथ, श्री जङ्गालाइन, शुक्र पथ |
| ८ | सिध्दार्थ मार्ग, जनजागरण टोल, कविर टोल, अरुण टोल |
| ९ | बगैचा लाइन, आचार्य लाइन, दीप पथ, कलेज रोड |
| १० | बेलगाछि, पुलतीलाईन, नारायण मुनाल पथ |

| | |
|---|---|
| ११ | चौतिस घरे टोल, समर कोट, सुन्दर बस्ती, भिआरसी चोक |
| १२ | पार्वती टोल, चतरा लाईन, गीता मन्दिर |
| १३ | देवी मार्ग |
| १४ | ११०तिनघरे टोल, भताभुङ्गे दरवार क्षेत्र, हात्तिसार |
| १५ | शिव गंगा, वगरकोट, श्याम चोक र निराजन |
| १६ | जनपथ टोल, नऔलो पथ, सिमाना टोल, भगवति टोल |
| १७ | बगान टोल, असारे बस्ति, साउने टोल, क्षितिज टोल |
| १८ | देवीस्थान, क्याम्प गेट, न्युरोड,  रत्न चोक, बुध्द चोक |
| १९ | चौकीबारी, दिपेन्द्र टोल, ऐलुङ टोल, जिमी टोल, |
| २० | माछामारा, भालढूगा, नवलपुर, आँपटार, स्वाँरा |

### ६.५.२ संवेदनशील स्थानमा बसोबास गरेका घरधुरी र जनसंख्याको विवरण

धरान उपमहानगरपालिकाका ४२,३९६ घरधुरीमध्ये ६,२२८ घरधुरी विभिन्न जोखिममा रहेका छन्, जुन कुल घरधुरीको करिब १४.७% हो। यस्ता जोखियुक्त घरधुरीमा १६,८१७ जना जनसंख्या प्रभावित हुन सक्ने अनुमान गरिएको छ, जसमा महिला (७,३५५), वालबालिका (७,७६२), जेष्ठ नागरिक (१,४३२) र अपाङ्गता भएका व्यक्ति (२६८) रहेका छन्। यो जोखिममा रहेका जनसंख्यामध्ये बहुसंख्या महिला र बालबालिका छन्, जुन मानव सुरक्षाको दृष्टिकोणले अत्यन्त संवेदनशील अवस्था हो।

| वडा नं. | जम्मा घरधुरी | जोखोममा रहेका घरधुरी | प्रभावित हुन सक्ने जनसंख्या | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | महिला | वालवालिका | जेष्ठ नागरिक | अपाङ्ग | |
| जम्मा | ४२३९६ | ६२२८ | ७३५५ | ७७६२ | १४३२ | २६८ | १६,८१७ |

# परिच्छेद ७ : भौतिक विकासको अवस्था

## ७.१ यातायात पूर्वाधार

### ७.१.१ सडक सञ्जालको विद्यमान अवस्था

धरान उपमहानगरपालिकासँग ७८६.१४१ वर्ग किलोमिटर सडक सञ्जाल रहेको छ । जसमा कच्ची/ धुले (Earthen) सडक १०५.९७४ किलोमिटर, ग्राभेल (Graveled) सडक ४५०.७५५ किलोमिटर, कालो पत्रे (Black Topped) सडक २०४.०१२ किलोमिटर ढुङ्गा छापेको/सोलिङ (Stone Soling) सडक ५.५ किलोमिटर र ढलान (RCC) सडक १९.९ किलोमिटर रहेको छ ।

तालिका-२४: सडक सतहको प्रकार

| सडक सतहको प्रकार | सडकको लम्वाई (कि.मी.) |
|---|---|
| कच्ची/ धुले (Earthen) | १०५.९७४ |
| ग्राभेल (Graveled) | ४५०.७५५ |
| कालो पत्रे (Black Topped) | २०४.०१२ |
| ढुङ्गा छापेको/सोलिङ (Stone Soling) | ५.५ |
| ढलान (RCC) | १९.९ |
| **जम्मा** | **७८६.१४१** |

## ७.२ विद्युत्तथा वैकल्पिक ऊर्जा

### ७.२.१ इन्धन उपयोग विवरण (खाना पकाउने इन्धनकोआधारमा घरपरिवार)

| वडा नम्बर | जम्मा घरदुरी | खाना पकाउन प्रयोग हुन इन्धन | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | दाउरा | एल.पी. ग्यास | विजुली | गुइठा | बायो ग्यास | मट्टी तेल | अन्य |
| जम्मा | ४२३९६ | ५१३२ | ३६८१९ | १३६ | ८ | २४२ | २२ | ३७ |

### ७.२.२ विद्युत् उपलब्ध घरपरिवार विवरण

धरान उपमहानगरपालिकामा करिव ९९ प्रतिशत ( ४१,९२९ परिवार) परिवारमा विद्युत पहुँच पुगेका छ। विद्युत पहुँच पुगे पनि मुलत बत्ति बाल्न मात्र विद्युतको प्रयोग गरिदै आएको छ। खाना पकाउन विद्युतीय उर्जाजो प्रयोग गर्ने परिवार ०.०३ प्रतिशत मात्र रहेको छ ।

| क्र.सं. | जम्मा घरधुरी | बत्ती बाल्न प्रयोग हुने इन्धन | | | | |
|---|---|---|---|---|---|---|
| | | विद्युत | शोलार | मट्टीतेल | बायो ग्यास | अन्य |
| जम्मा | ४२३९६ | ४१९२९ | ३५८ | ५६ | ३ | ५० |

## ७.३ सञ्चार तथा प्रविधि

### ७.३.१ हुलाक तथा पत्रपत्रिका सम्बन्धी विवरण

| क्र.स. | सञ्चार माध्यमको नाम | माध्मको प्रकार | ठेगाना |
|---|---|---|---|
| १ | क्लिक धरान मिडिया प्रा.ली | अनलाईन | धरान-१० |
| २ | महाप्रतिवाद साप्ताहिक | साप्ताहिक पत्रिका | धरान-१७ |
| ३ | दिव्य रोशनी साप्ताहिक | साप्ताहिक पत्रिका | धरान |
| ४ | पुर्व क्षितिज प्रकाशन प्रा.ली.(ब्लास्ट टाईम्स दैनिक) | दैनिक पत्रिका | धरान-१५ |
| ५ | हाम्रो कोशी आवाज | साप्ताहिक पत्रिका | धरान-१६ |
| ६ | कोशी मिडिया ग्रुप प्रा.ली. कोशी पत्र दैनिक | दैनिक पत्रिका | धरान-१५ |
| ७ | धरान साप्ताहीक | साप्ताहिक पत्रिका | धरान-२ |
| ८ | रमाइलो पूर्व कोशी मिडिया प्रा.ली. | अनलाईन | धरान-१२ |
| ९ | ओम्रिबुङ मिडिया प्रा.ली. | अनलाईन | धरान-१७ |
| १० | रेडियो धरान ८८.८ मेगाहर्ज | रेडियो | धरान-१३ |
| ११ | हार्ट एफ.एम.प्रा.ली. | रेडियो | धरान-१५ |
| १२ | विजयपुर साप्ताहीक | साप्ताहिक पत्रिका | धरान-१२ |
| १३ | फक्ताङलुङ्खबर डटकम | अनलाईन | धरान-१२ |
| १४ | चिसेफायु मिडिया | | धरान-३ |
| १५ | न्युजईष्ट मिडिया प्रा.ली. | अनलाईन | धरान-१५ |
| १६ | bijayapur network pvt.ltd | अनलाईन | धरान-१५ |
| १७ | गणतन्त्र एफ.एम. ९५.१ मेघाहर्ज | रेडियो | धरान-१२ |

# परिच्छेद ८ : संस्थागत तथा सुशासनको स्थिति

## ८.१ सेवा प्रवाहमा प्रयोगमा रहेका सफ्टवयेरहरुको विवरण

धरान उपमहानगरपालिकाले सुशासन प्रवर्द्धन गर्न विभिन्न प्रशासनिक, सेवामूलक, वित्तीय र तथ्याङ्क व्यवस्थापन प्रणालीहरू (software) प्रयोगमा ल्याएको छ, जसले सेवा पारदर्शिता, समयमै निर्णय, तथ्यमा आधारित योजना, र नागरिकमैत्री प्रशासनमा महत्वपूर्ण योगदान पुर्‍याएको छ। उपलब्ध विवरण अनुसार, नगरपालिकामा १६ वटा प्रमुख सफ्टवेयर प्रणालीहरू प्रयोग भइरहेका छन्, जसमा केही राष्ट्रिय स्तरका (जस्तै VERSP-MIS, IEMIS, किसान सुचिकरण प्रणाली, विपद् पोर्टल) र केही स्थानीय स्वामित्वमा रहेका प्रणालीहरू (जस्तै eBPS, ई-हाजिरी, राजस्व सफ्टवेयर, अनलाइन कर प्रणाली) रहेका छन्।

| क्र.सं. | सफ्टवयरको नाम | प्रयोग प्रारम्भ गरेको साल | स्वामित्व |
|---|---|---|---|
| १ | SUTRA | | मलेनिका |
| २ | PAMS | | मलेनिका |
| ३ | VERSP-MIS | | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग |
| ४ | GMIS | | धरान उमनपा |
| ५ | eBPS | | धरान उमनपा |
| ६ | eBPS Digitization | | धरान उमनपा |
| ७ | IEMIS | | शिक्षा , विज्ञान तथा प्रविधि मन्त्रालय |
| ८ | ई-हाजिरी | | धरान उमनपा |
| ९ | अनलाइन कर प्रणाली | | धरान उमनपा |
| १० | आन्तरीक कर प्रणाली | | धरान उमपना |
| ११ | एकिकृत सेवा व्यवस्थापन प्रणाली | | धरान उमनपा |
| १२ | किसान सुचिकरण व्यवस्थापन | | कृषि तथा पशुपन्छी विकास मन्त्रालय |
| १३ | दर्ता चलानी | | धरान उमनपा |
| १४ | बेरुजु व्यवसथापन प्रणाली | | धरान उमनपा |
| १५ | विपद् पोर्टल | | National disaster risk reduction and management authority |
| १६ | राजस्व सफ्टवेयर | | धरान उमनपा |

## ८.२ गाउँ/नगरपालिकाभित्रका टोल विकास संस्था सम्बन्धी विवरण

धरान उपमहानगरपलिका टोल विकास संस्था संचालन कार्यविधि २०७५ अनुसार सामाजिक विकास महाशाखामा सूचिकृत भएका २० वडाहरुको आ व २०७४/७५ देखि चालु आव २०८०/८०१ को माघ महिनासम्म २८० वटा टोल ( TLO) विकास संस्थाहरु गठन भएको विवरण निम्नानुसार रहेको छ ।

| क्र.सं. | टोल विकास संस्था (TLO) को नाम | टोल विकास संस्था (TLO) संख्या |
|---|---|---|
| १ | धरान १ वडा | ८ |
| २ | धरान २ | ५ |
| ३ | धरान ३ | ९ |
| ४ | धरान ४ | १६ |
| ५ | धरान ५ | २१ |
| ६ | धरान ६ | १२ |
| ७ | धरान ७ | ४ |
| ८ | धरान ८ | १५ |
| ९ | धरान ९ | ५ |
| १० | धरान १० | ८ |
| ११ | धरान ११ | २९ |
| १२ | धरान १२ | ७ |
| १३ | धरान १३ | ५ |
| १४ | धरान १४ | १२ |
| १५ | धरान १५ | ३९ |
| १६ | धरान १६ | १७ |
| १७ | धरान १७ | ४४ |
| १८ | धरान १८ | ६ |
| १९ | धरान १९ | ६ |
| २० | धरान २० | १६ |

## ८.३ स्वीकृत स्थानीय नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्डहरू

धरान उपमहानगरपालिकाको नगर कार्यपालिकाले विभिन्न आर्थिक वर्षहरूमा आफ्ना जिम्मेवारी अनुसार नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड निर्माण गरेका छन्, जसले संस्थागत कार्यक्षमता तथा सुशासन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेलेको देखिन्छ। उपलब्ध तथ्याङ्क अनुसार, आर्थिक वर्ष २०७४/०७५ देखि २०७८/०७९ सम्ममा जम्मा १३ वटा ऐन, ११ वटा नियम, २२ वटा कार्यविधि, र ३ वटा निर्देशिका तर्जुमा भएका छन्। २०७४/०७५ सालमा सबैभन्दा धेरै नीतिगत दस्तावेज (१९ वटा) तयार भएका छन्, जसमा २ ऐन, ९ नियम, ८ कार्यविधि र १ निर्देशिका समावेश छन्। यसपछि २०७७/०७८ र २०७८/०७९ मा क्रमशः ८ र ६ वटा कानुन बनेका छन्।

| धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, धरान सुनसरी | | | | | | |
|---|---|---|---|---|---|---|
| जिम्मेवारी अनुसार तर्जुमा भएका नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्डहरू विवरण | | | | | | |
| आर्थिक वर्ष | नीति | ऐन | नियम | विनियम | कार्यविधि | निर्देशिका |
| २०७४/०७५ | | २ | ९ | | ८ | १ |
| २०७५/०७६ | | २ | | | ४ | १ |
| २०७६/०७७ | | २ | | | २ | १ |
| २०७७/०७८ | | ३ | २ | | ३ | |
| २०७८/०७९ | | १ | | | ५ | |
| जम्मा बनेका | | १३ | ११ | ० | २२ | ३ |

## अनुसुची र स्रोत नक्साहरु